## पूर्ण इजलास

१

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा, मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रेम शर्मा,** पुनरावलोकन निस्सा प्रदान नं. ०६६-NF-००१५, उत्प्रेषण परमादेश, *गणेशबहादुर खत्री वि. गृह मन्त्रालय समेत*

निवेदकलाई पुनर्बहाली गरिएको निर्णयमा निलम्वन फुकुवा गरिएको भन्ने मात्र उल्लेख नभई निलम्वन अवधिको तलव भत्ता समेत खान पाउने गरी निलम्वन फुकुवा गरेको देखिँदा निवेदकउपरको अभियोगबाट निजले पूर्णतः सफाइ पाए सरह मानी निलम्वन फुकुवा गरेको देखिन आयो। त्यसरी निलम्वन फुकुवा गरेउपर कोही कसैको उजूरबाजुर परी उक्त निर्णय गैरकानूनी भएको भनी बदर वातिल गराएको अवस्था समेत नदेखिएकोले हाल आएर सो निर्णयविपरीत उक्त निलम्वन अवधि सेवा अवधिमा जोडिने होइन भन्न नमिल्ने।

तलवभत्ता समेत खान पाउने गरी फुकुवा गरिएको निलम्वन अवधिलाई सेवा अवधिमा गणना गर्नुपर्ने स्पष्ट देखिन आएको अवस्थामा मागबमोजिम उत्प्रेषण परमादेशको आदेश जारी गर्नुपर्नेमा विवाद नै नभएको विषयमा प्रवेश गरी अदालत स्वयंले पक्षको स्थान ग्रहण गरी ज्यानसम्बन्धी अपराधमा कसूरदार ठहर भई सजाय भुक्तान गरेको प्रहरीलाई पदमा बस्ने अधिकार नै नहुने भनी रिट निवेदन खारेज गर्ने गरेको यस अदालत संयुक्त इजलासको आदेश छम मेचे विरूद्ध नसुह प्रसाईं समेत भएको उत्प्रेषण रिट निवेदनमा यस अदालतबाट प्रतिपादित सिद्धान्त (*नेकाप* २०४५, अङ्क ४, पृष्ठ ३२३) समेतको प्रतिकूल देखिने।

इति संवत् २०६८ साल साउन २६ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री ताहिर अली अन्सारी, मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय र मा.न्या.श्री भरतराज उप्रेती,** अंश चलन, दे.पु.इ.नं. ०६६-DF-००१४, ००१५, ००१६, ००१७, *उमादेवी ढुंगेल समेत वि. धनकुमारी ढुंगेल समेत, धनकुमारी ढुंगेल समेत वि उमादेवी ढुंगेल समेत, रूपेश ढुंगेल समेत वि. उमादेवी ढुंगेल समेत, श्यामराज ढुंगेल वि. उमादेवी ढुंगेल समेत*

अंश मुद्दामा बण्डापत्र भए नभएको, बण्डापत्र पारीत भए नभएको र बण्डापत्र कार्यान्वयन भए नभएको भन्ने समेतमा विभिन्न अवस्थाहरू विद्यमान हुन सक्छन्। त्यस बाहेक मुलुकी ऐनमा सातौं संशोधन भएपछि र अघिको बण्डापत्रको कानूनी हैसियत पनि फरक-फरक हुने गरी अंशबण्डाको ३० नं. ले स्पष्ट व्यवस्था गरेको देखिन्छ। त्यसरी मुद्दाको तथ्यबाट मात्र निर्धारण हुन सक्ने मापदण्ड वा शर्तहरूलाई निरपेक्ष रूपमा कुनै अमुक मुद्दामा प्रतिपादन भएको न्यायिक सिद्धान्तबाट निर्देशित गर्न नमिल्ने।

व्यवहारमा अंशबण्डा भएको भन्नलाई अंशियारहरूले अलग-अलग दर्ता, भोग बिक्री व्यवहार गरेको देखिनु पर्ने।

न्यायिक निर्णययोग्य विवादको निर्णय गर्दा "गणितीय सूत्र" जस्तो गरी कुनै एउटै आधार, Formula वा एउटै शर्त व केही निश्चित् शर्तहरू सँधै यान्त्रिक विधिबाट प्रयोग वा लागू हुने होइनन्। त्यसैगरी पूर्व स्थापित नजीरहरूले न्यायिक अनुशासन र न्यायिक निरन्तरता प्रदान गर्ने हुनाले तिनको अनुपालन गर्दै मुद्दाको विशिष्ट तथ्यको विवेचना र परिस्थितिमा भिन्नताको आधारमा सम्बद्ध प्रमाणको मूल्याङ्कन र सान्दर्भिक कानूनको व्याख्या गर्दै न्यायिक मनको प्रयोग गरी निर्णय गर्नुपर्ने।

कानूनले नै घरसारमा भएको बण्डापत्रको लिखतले कानूनी मान्यता प्राप्त गर्ने पूर्वावस्थाहरू उल्लेख गरिदिएको अवस्थामा तिनीहरूको विद्यमानताबेगर कार्यान्वयनमा नै नआएको लिखतका आधारमा वादी प्रतिवादीहरू बीच अंशबण्डा भएको भन्ने निष्कर्षमा पुग्न नमिल्ने।

सगोलका घरजग्गाहरू कुनै न कुनै अंशियारका नाममा दर्ता भएर रहने सामान्य प्रक्रिया हो। त्यसरी कुनै अंशियारका नाममा रहँदैमा त्यसले अंशियारहरूबीच बण्डा भएको र अलग-अलग भोगचलन व्यवहार भएको भन्ने अर्थ लाग्दैन। त्यसैगरी सगोलमा रहेको जग्गा बिक्रीका क्रममा तयार भएको लिखतमा उल्लेख भएको व्यहोराले नै व्यवहारमा अंशबण्डा भएको भन्ने तथ्यलाई पुष्टि गर्ने सामर्थ्य नराख्ने।

मानो छुट्टिएको मिति सम्बन्धमा वादी प्रतिवादी पक्षबीच मुख नमिलेको अवस्थामा सामान्यतयाः फिराद परेको भन्दा अघिल्लो दिनलाई मानो छुट्टिएको मिति कायम गरिने न्यायिक परिपाटी रहिआएको भए पनि त्यसलाई निरपेक्ष रूपमा ग्रहण गर्न सकिदैन, मुद्दामा रहेको तथ्यले त्यसलाई निर्धारित गर्ने ।

इजलास अधिकृतः उमेश कोइराला

कम्प्युटरः मुकुन्द विष्ट

इति संवत् २०६८ साल असार ९ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री ताहिर अली अन्सारी, मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय र मा.न्या.श्री भरतराज उप्रेती,** दे.पु.इ.नं. ०६६-DF-००१८, घरायसी अंशबण्डा सम्पत्तिको दाखिल खारेज, *धनकुमारी ढुंगेल समेत वि उमादेवी ढुंगेल*

पुनरावेदकीय अधिकार भनेको कानूनी अधिकार हो, जुन कानूनद्वारा व्यवस्थित गरिएको हुन्छ । यो अन्तर्निहित अधिकारका रूपमा प्रयोग गर्न मिल्ने हुँदैन । कानूनले पुनरावेदन लाग्ने भनी व्यवस्था नगरेको अवस्थामा पनि पुनरावेदन गर्ने अधिकार रहन्छ भनी अरू कुरामा पुनरावेदकीय अधिकार भएको अदालत वा निकायले अनुमान गर्न नमिल्ने ।

कानूनमा पुनरावेदन लाग्छ भनी उल्लेख भएको विषयमा पुनरावेदन सुन्ने निकाय कुन हुने भन्ने पनि सोही कानूनमा तोकिएको हुन्छ । सोही आधारमा साधिकार निकायमा पुनरावेदन गर्ने अधिकार सम्बन्धित पक्षमा रहन्छ । विधिकर्ताले नै पुनरावेदनको आवश्यकता नदेखेको विषयमा न्यायिक व्याख्याद्वारा पुनरावेदन लाग्ने भनी अधिकारक्षेत्र विस्तारित गर्न नमिल्ने ।

कानूनले प्रदान गरेको अधिकारअन्तर्गत पक्षको पुनरावेदन परेको अवस्थामा पुनरावेदकीय अधिकारक्षेत्रको प्रयोग गरेमा मात्र त्यस्तो निर्णयले आफ्नो क्षेत्राधिकारको वैधता प्राप्त गर्न सक्दछ । अन्यथा अधिकारक्षेत्रात्मक त्रुटि भई भएको निर्णय कायम रहन नसक्ने भई बदर हुने ।

विशेष ऐनले गरेको त्यस्तो पुनरावेदनसम्बन्धी अधिकार विशेष पुनरावेदकीय अधिकार हो । सामान्य पुनरावेदकीय अधिकार असीमित हुन्छ भने विशेष पुनरावेदकीय अधिकार सीमित हुन्छ । विशेष ऐनले जति कुरामा पुनरावेदन सुन्ने अधिकार प्रदान गर्दछ, त्यति कुरामा मात्र पुनरावेदकीय अधिकारक्षेत्र ग्रहण गर्न सकिने ।

मालपोत ऐनले २०५४।८।२६ भन्दा अगाडि पुनरावेदन लाग्ने व्यवस्थाअन्तर्गत ऐनको दफा ८ अनुसार भएको मालपोत कार्यालयको निर्णयलाई समावेश नगरेको हुँदा सो विषय पुनरावेदन अदालतको अधिकारक्षेत्रबाट स्वतः बाहिर पर्ने देखिन्छ । त्यसरी अधिकारक्षेत्र नै नरहेको विषयमा पुनरावेदन सुनी गरिएको निर्णयलाई कानूनअनुरूपको निर्णय मान्न नसकिने ।

इजलास अधिकृतः उमेश कोइराला

कम्प्युटरः मुकुन्द विष्ट

इति संवत् २०६८ साल असार ९ गते रोज ५ शुभम् ।

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री भरतराज उप्रेती,** रिट नं. २०६८-WH-००३०, बन्दीप्रत्यक्षीकरण, *रमीता महर्जन वि. सम्पत्ति शुद्धिकरण अनुसन्धान विभाग समेत*

सम्पत्ति शुद्धिकरण अनुसन्धान विभागको प्रतिवेदनले वादी नेपाल सरकार र प्रतिवादी यिनै रिट निवेदक सुनील जैसवाल र श्रवण साह भएको सम्पत्ति शुद्धिकरणसम्बन्धी मुद्दा मिति २०६८।७।२० मा विशेष अदालतमा दायर भई विशेष अदालतबाट मिति २०६८।७।२२ मा थुनछेक आदेश समेत भएको देखिन आएको छ । सम्पत्ति शुद्धिकरण ऐन, २०६४ को दफा २२ को उपदफा (२) अन्तर्गत क्षेत्राधिकार सम्पन्न अदालतमा मुद्दा दायर भई क्षेत्राधिकार सम्पन्न अदालतको विचाराधीन रहेको मुद्दामा कानूनबमोजिम पुर्पक्षका क्रममा भएको थुनालाई गैरकानूनी थुना भन्न मिल्ने नदेखिँदा निवेदकको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिरहन परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः मातृकाप्रसाद आचार्य

कम्प्युटरः मुकुन्द विष्ट

संवत् २०६८ साल कात्तिक २३ गते रोज ४ शुभम् ।

२

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री भरतराज उप्रेती,** फौ.पु.नं. ०६६-CR-०५८६, CR-०५६२, ०६७-CR-०८८७, कर्तव्य ज्यान, *नेपाल सरकार वि. हर्कबहादुर विश्वकर्मा समेत, सर्जुन विश्वकर्मा वि. नेपाल सरकार, हर्कबहादुर वि.क. वि. नेपाल सरकार*

मृतक र प्रतिवादीहरूका बीच ज्यानै मार्नुपर्नेसम्मको पूर्व रिसइवी रहेको भन्ने तथ्य मिसिलबाट देखिँदैन । प्रतिवादीमध्येका सर्जुन विश्वकर्मालाई मृतकले बिहान कुटपीट गरेको विषयमा कुरा गर्न प्रतिवादीहरू बेलुका मृतकको घर कोठामा गएकोमा मृतकले नै प्रतिवादी हर्कबहादुर वि.क. लाई लात्तीले हिर्काई प्रतिवादीहरूलाई उत्तेजित गराएको स्थिति देखिन्छ । यसरी ज्यानै मार्नुपर्नेसम्मको पूर्व रिसइवी नरहेको अवस्थामा वादविवादको क्रममा मृतकको व्यवहारबाट प्रतिवादीहरू तत्काल आवेशमा आई इँटाजस्ता साधारण हतियारले मृतकलाई प्रहार गरेको देखिएको अवस्था हुँदा प्रस्तुत वारदातलाई मनशायप्रेरित हत्याको वारदात भन्न नमिल्ने भई ज्यानसम्बन्धीको महलको १४ नं. वर्णित आवेशप्रेरित हत्याको वारदात भएको देखिन आएको हुँदा पुनरावेदक प्रतिवादीहरू हर्कबहादुर वि.क. र सर्जुन वि.क.लाई ज्यानसम्बन्धीको महलको १४ नं. बमोजिम जनही १० वर्ष कैद हुने ।

इजलास अधिकृतः मातृकाप्रसाद आचार्य

कम्प्युटरः विकेश गुरागाई

संवत् २०६८ साल कात्तिक २३ गते रोज ४ शुभम् ।

३

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री भरतराज उप्रेती,** फौ.पु.नं. ०६६-CR-०७०५, CR-०७०६, कर्तव्य ज्यान, *गणेश पण्डित वि.नेपाल सरकार, शिवलक्ष्मी देवकाटा वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादीहरूको अनुसन्धान अधिकारीसमक्षको साविती बयान व्यहोरा प्रतिवादीमध्येकी निरू भन्ने निर्मला देवकोटाले आफू सावित भई अदालतसमक्ष गरेको बयान, रक्षादेवी जैसी र गंगादेवी जैसीले अनुसन्धान अधिकारीसमक्ष गरेको कागज र मृतकको शव परीक्षण प्रतिवेदनबाट समर्थित भएको देखिँदा वारदातका बखत यी पुनरावेदक प्रतिवादी शिवलक्ष्मी देवकोटा वारदातस्थलमा उपस्थित नरही सुर्खेतमा रहेको भन्ने देखिएको छ । यसबाट निजउपरको ज्यानसम्बन्धीको १३(४) नं. को आरोपित कसूर स्थापित हुनसक्ने देखिएन । यी पुनरावेदक प्रतिवादीले मृतकका बाबुसँगको रिसइवीका कारण मृतकलाई मार्ने मनसाय राखी अघिदेखि नै योजना बनाई प्रतिवादीहरू गणेश पण्डित तथा निर्मला देवकोटा समेतलाई आफ्नो घरमा बोलाई मृतकलाई मार्ने आफ्नो उद्देश्यमा निजहरूलाई समेत सहमत तुल्याई ज्यानसम्बन्धीको १६ नं. मा परिभाषित ज्यान मार्ने षड्यन्त्रको कसूर गरेको सिद्ध हुन गएकोले निजका हकमा शुरू फैसला केही उल्टी गरी निजलाई ज्यानसम्बन्धीको महलको १६ नं. बमोजिम १० वर्ष कैद हुने । पुनरावेदक प्रतिवादी गणेश पण्डितलाई अभियोग माग दावीबमोजिम ज्यानसम्बन्धी महलको १३(३) नं. अनुसार सर्वश्वसहित जन्मकैद हुने ।

इजलास अधिकृतः मातृकाप्रसाद आचार्य

कम्प्युटरः विकेश गुरागाई

इति संवत् २०६८ साल कात्तिक २३ गते रोज ४ शुभम् ।

४

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या. प्रा.डा. श्री भरतबहादुर कार्की,** रिट नं. २०६६-WO-०२४७, उत्प्रेषण समेत, *सन्देश्वर चौहान वि. अँचित मा.वि. बतरा, बारा समेत*

निवेदकलाई नियुक्ति गर्ने अधिकार सम्पन्न विद्यालय व्यवस्थापन समितिले निवेदकको पदीय काम कर्तव्यसँग सम्बन्धित विषयमा पटक-पटक स्पष्टीकरण माग गरी सुनुवाइको मौका प्रदान गरी निवेदकले पेश गरेको स्पष्टीकरणमा असन्तुष्ट भई निजलाई पदबाट अवकाश दिने गरी गरेको विभागीय प्रकृतिको निर्णयमा कानूनको त्रुटि भएको भन्ने नदेखिँदा निवेदकको मागबमोजिमको आदेश जारी गरिरहन नपर्ने ।

इजलास अधिकृतः मातृकाप्रसाद आचार्य

कम्प्युटरः मुकुन्द विष्ट

इति संवत् २०६८ साल कात्तिक २२ गते रोज ३ शुभम् ।

५

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या. प्रा.डा. श्री भरतबहादुर कार्की,** रिट नं. २०६७-WO-०२४७, उत्प्रेषण समेत, *सुरेशसिँह वि. वन तथा भू-संरक्षण मन्त्रालय समेत*

निजामती सेवा ऐन, २०४९ को दफा १८ को उपादफा (३) मा निजामती कर्मचारीको सरूवा गर्दा अख्तियारवालाले सरूवापत्रमा अवधि तोकी सरूवा गर्नुपर्दछ भन्ने प्रावधान रहेको देखिन्छ । मिसिल संलग्न वन विभागको मिति २०६५।११।२९ को सरूवापत्र हेर्दा निवेदकलाई न्यूनतम् २ वर्षको अवधिको लागि भनी जिल्ला वन कार्यालय अर्घाखाँचीमा सरूवा गरिएको देखिन्छ । सोअनुसार निवेदक जिल्ला वन कार्यालय अर्घाखाँचीमा कार्यरत् रहेको अवस्थामा निजलाई जिल्ला वन कार्यालय कैलालीमा काज खटाइएको मिति २०६७।५।२४ को पत्र कार्यान्वयन नगर्नु नगराउनु भनी यस अदालतबाट अन्तरिम आदेश जारी भइरहेको देखिएको परिप्रेक्ष्यमा निवेदकको मिति २०६५।११।२९ को सरूवापत्रमा उल्लिखित न्यूनतम् अवधि २ वर्ष हाल व्यतीत भइसकेको देखिँदा न्यूनतम् अवधिभन्दा बढी उक्त कार्यालयमा बहाल रहने गरी अब थप कुनै आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृतः मातृकाप्रसाद आचार्य

कम्प्युटरः विकेश गुरागाई

इति संवत् २०६८ साल असोज ३ गते रोज ३ शुभम् ।

६

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या. प्रा.डा. श्री भरतबहादुर कार्की,** रिट नं. २०६७-WO-०४००, उत्प्रेषण समेत, *तीर्थनारायण जोशी वि. शिक्षक सेवा आयोग, सानोठिमी, भक्तपुर समेत*

निवेदकले शैक्षिक सत्र २०६१ र २०६२ को कार्यसम्पादन मूल्याङ्कन फाराम निर्धारित समयमा भरी सम्बन्धित निकायमा पेश गरेको भन्ने देखिन नआएको अवस्थामा बढुवा प्रयोजनका लागि निजको अङ्क गणना नगरेको विपक्षी शिक्षक सेवा आयोगको निर्णय त्रुटिपूर्ण रहेको भन्ने निवेदकको दावी तथ्यमा आधारित नदेखिँदा मागबमोजिमको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृतः मातृकाप्रसाद आचार्य

कम्प्युटरः मुकुन्द विष्ट

संवत् २०६८ साल कात्तिक २२ गते रोज ३ शुभम् ।

७

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या. प्रा.डा. श्री भरतबहादुर कार्की,** रिट नं. २०६७-WO-०५४५, उत्प्रेषण समेत, *चिरञ्जिवी पौडेल वि. पूर्वाञ्चल विश्वविद्यालय, विराटनगर समेत*

पूर्वाञ्चल विश्वविद्यालयबाट मिति २०६७।६।२१ मा परीक्षाफल प्रकाशित भएपछि उक्त विश्वविद्यालयबाट मिति २०६७।११।११ देखि सञ्चालन भएको मौका परीक्षामा रिट निवेदक सामेल भई पुनः परीक्षा दिएको भन्ने विपक्षी पूर्वाञ्चल विश्वविद्यालय समेतको लिखित जवाफबाट देखिएको छ । यसबाट निवेदकले परीक्षाफल बदर गरिपाऊँ भनी चुनौति दिइरहेको अवस्थामा पूरक परीक्षामा सामेल भएको देखिएबाट आफूले चुनौती दिएको परीक्षाफललाई निवेदकले स्वीकार गरिसकेको देखिन आई निजको निवेदन दावी नै निरर्थक भएको देखिँदा प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृतः मातृकाप्रसाद आचार्य

कम्प्युटरः विकेश गुरागाई

संवत् २०६८ साल असोज ३ गते रोज ३ शुभम् ।

८

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या. प्रा.डा. श्री भरतबहादुर कार्की,** रिट नं. २०६७-WO-०५५५, उत्प्रेषण समेत, *रूमा रेग्मी वि. सिद्धज्योति नि.मा.वि., दाउन्नेदेवी गा.वि.स. नवलपरासी समेत*

सुत्केरी भएको कुरा विद्यालयलाई जनाउ दिई आफूले लिखितरूपमा सुत्केरी बिदा माग गरेको कुनै प्रमाण वा विपक्षीले सुत्केरी बिदा दिन इन्कार गरेको कुनै निर्णय रहे भएको भन्ने कुरासम्म निवेदिकाले उल्लेख गर्न सकेको नदेखिँदा विपक्षी विद्यालय व्यवस्थापन समितिले निवेदिकालाई सुत्केरी बिदा नदिएको भन्ने निजको दावी स्थापित हुन नसक्ने ।

शिक्षा नियमावली, २०५९ को नियम ११० मा बिदा अधिकारको कुरा नभई सहुलियत मात्र हो भन्ने व्यवस्था रहेको देखिन्छ । यसरी सहुलियतको रूपमा प्राप्त हुने बिदा माग गर्नको लागि आवश्यक कागजात साथै राखी औपचारिक रूपमा निवेदनपत्र पेश गरी निवेदिकाले बिदा माग गर्नुपर्नेमा सोबमोजिम विद्यालयलाई जानकारी गराई आफूले बिदा माग गरेको भनी निवेदिका स्वयंम्ले भन्न नसकी लामो समय विद्यालयमा अनुपस्थित भई पछिबाट मात्र अधिकारको रूपमा बिदाको दावी गरेको देखिएको र निवेदिकाको दावीबमोजिम निजलाई विपक्षी विद्यालयले सुत्केरी बिदा अस्वीकृत गरी पदबाट अवकाश दिएको भन्ने

समेत देखिन नआएको हुँदा मागबमोजिमको आदेश जारी गर्न नमिल्ने ।
इजलास अधिकृतः मातृकाप्रसाद आचार्य
कम्प्युटरः विकेश गुरागाई
संवत् २०६८ साल असोज ३ गते रोज ३ शुभम् ।

९

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या. प्रा.डा. श्री भरतबहादुर कार्की,** रिट नं. २०६६-WO-०६८०, उत्प्रेषण समेत, *बालगोपाल श्रेष्ठ वि. बासुदेव श्रेष्ठ समेत*

रिट निवेदकले विपक्षी बासुदेव श्रेष्ठ आफ्नो उद्योगमा काम गरेका कामदार कर्मचारी नै होइनन् र आफ्नो उद्योग हकमा श्रम ऐन, २०४८ को व्यवस्था आकर्षित नै हुँदैन भनी लिएको जिकीर समेत सबूद प्रमाण पेश गरी पुष्टि गर्न नसकेको अवस्थामा व्यवहारतः विपक्षी बासुदेव श्रेष्ठ निवेदक उद्योगको अवकाशप्राप्त कामदार कर्मचारी रहेको ठहऱ्याई निजले उद्योगबाट श्रम नियमावली, २०५० बमोजिम उपदान रकम भरिपाउने ठहऱ्याएको श्रम कार्यालय बागमतीको निर्णय सदर गरेको श्रम अदालत काठमाडौंको निर्णय त्रुटिपूर्ण रहेको नदेखिने ।
इजलास अधिकृतः मातृकाप्रसाद आचार्य
कम्प्युटरः मुकुन्द विष्ट
संवत् २०६८ साल असोज ३ गते रोज ३ शुभम् ।

## इजलास नं. १

१

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री भरतराज उप्रेती,** २०६३ सालको रि.नं. WO-०७३०, (७०३) उत्प्रेषणयुक्त परमादेश, *महेन्द्र शेरचन वि. रामप्रसाद दाहाल समेत*

निवेदकले दरबन्दी कटौती गरी विपक्षी रामप्रसाद दाहाललाई अवकाश दिँदा पत्रकार ऐन, २०५१ को दफा २२(२) को प्रक्रिया अवलम्बन गरेको वा दरबन्दी कटौती गर्दाको प्रक्रिया पूरा गरेको देखिएन । यसरी कानूनी प्रक्रियाको अवलम्बन नगरी सेवाबाट अवकाश दिनेसम्बन्धमा रिट निवेदकले प्रत्यर्थी पत्रकारउपर श्रमजीवि पत्रकार ऐन, २०५१ को दफा २६(१)(ख) अनुसार विशेष सजाय गरेको भन्ने मान्नुपर्ने देखियो । यसरी विशेष सजाय दिँदा उक्त ऐनको दफा २८ तथा २९ मा निर्धारित सफाइको मौका दिनेलगायतको प्रक्रिया पूरा गर्नुपर्नेमा निज रामप्रसाद दाहाललाई सेवाबाट अवकाश दिनु पूव नै निजलाई सफाइ पेश गर्ने मौका दिएको भन्ने कुरा पनि यी रिट निवेदकले तथ्ययुक्त तरिकाले दावी गर्न सकेको देखिँदैन । कुनै पनि कानूनद्वारा स्थापित संस्थाले कुनै कामकारवाही गर्दा सो सम्बन्धमा कानूनले निर्धारण गरेको बाध्यात्मक कानूनी प्रक्रियाको अवलम्बन गरेकै हुनुपर्छ । तर प्रस्तुत विवादमा यी रिट निवेदकले विपक्षी रामप्रसाद दाहाललाई अवकाश दिँदा उल्लिखित बाध्यात्मक कानूनी प्रक्रियाको अवलम्बन गरेको नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।
इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम
कम्प्युटरः मञ्जिता ढुंगाना
इति संवत् २०६८ साल जेठ ८ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री कमलनारायण दास,** २०६६ सालको रिट नं. ०६६-WO-०३७१, उत्प्रेषण, परमादेश समेत, *रामकुमार चौधरी वि. जनता उच्च मा.वि. उदयपुर समेत*

प्रस्तुत विवादको विषयमा यी रिट निवेदकले पुनरावेदन अदालत, राजविराजमा यिनै विपक्षहरू उपर यसै विवाद सम्बन्धमा दिएको संवत् २०६३ सालको दे.पु.नं. १४०, निषेधाज्ञा र दे.पु.नं. ४९ को परमादेश मुद्दामा सो अदालतबाट मिति २०६६।९।५ मा रिट निवेदनपत्रहरू खारेज भएको आदेशको छायाँप्रतिबाट पुष्टि भएको र सो निर्णय अन्तिम रहेको देखिन्छ । यसरी एउटै विवादको विषयमा पुनरावेदन अदालतमा उपचारको मार्ग अवलम्बन गरिसकेपछि उक्त तथ्यलाई उल्लेख नगरी पुनः रिट दायर गर्नुलाई सफा हात र स्वच्छ हृदय लिएर आएको भन्न नमिल्ने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०६८ साल बैशाख ७ गते रोज ४ शुभम् ।

**इजलास नं. २**

१

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६४ सालको WO-०२७९, परमादेश समेत, *राजु बुढाथोकी वि. सडक विभाग, आयोजना निर्देशनालय(ए.डि.बी.) समेत*

निवेदनमा सडक निर्माणको क्रममा रू.२४,७८,४४९।५० बराबरको क्षति भएको र सोको क्षतिपूर्ति नदिइएको भन्ने व्यहोरा उल्लेख भएको भए पनि निवेदनमा उक्त रकम भराई पाउनका लागि आदेश गरिपाऊँ भन्ने निवेदकको माग रहेको देखिँदैन । यसको अतिरिक्त विपक्षीहरूले लिखित जवाफमा सानोतिनो टुटफुट भएको तत्काल मर्मत भइसकेको र निवेदकले दावी गरेअनुसार क्षति नभएको भनी निवेदन दावीलाई अस्वीकार गरेको देखिन्छ । यसरी सडक निर्माणको क्रममा खानेपानीको पाइप क्षति भएको हो होइन, भएको भए कुन ठाउँमा र कति परिमाणमा भएको हो भन्ने जस्तो विवादास्पद विषय रिट क्षेत्रबाट तथ्यगत प्रमाणहरूको मूल्याङ्कन गरी निर्णय गर्न नमिल्ने ।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल

कम्प्युटरः विपनादेवी मल्ल

इति संवत् २०६८ साल साउन १६ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६२ सालको रिट नं. WO-३१०३, उत्प्रेषण मिश्रित परमादेश समेत, *दलबहादुर (छिमे) श्रेष्ठ समेत वि. भौतिक योजना तथा निर्माण मन्त्रालय समेत*

आवास तथा भौतिक योजना मन्त्रालय (मन्त्रिस्तर) को मिति २०६१।९।९ को निर्णय यस अदालतको फैसला कार्यान्वयन गर्ने सिलसिलामा भएको देखिनुका साथै नेपाल सरकारबाट जग्गा प्राप्ति ऐन, २०३४ अनुसारको प्रक्रिया पुऱ्याई सार्वजनिक सडकको प्रयोजनका लागि जग्गा प्राप्त गर्न गरिएको कारवाहीलाई कानूनविपरीत भन्न नमिल्ने हुँदा मिति २०६१।९।९ को निर्णय उत्प्रेषणको आदेशद्वारा बदर हुनुपर्छ भन्ने निवेदकहरूको मागको हकमा सो हदसम्म निवेदकहरूको मागबमोजिम आदेश जारी हुन सक्तैन । तर विवादित कि.नं. ६६ को जग्गाको सम्बन्धमा यस अदालतबाट मिति २०५८।१०।५ मा भएको आदेशलाई कार्यान्वयन गर्ने क्रममा विपक्षी नेपाल सरकार आवास तथा भौतिक योजना मन्त्रालय (मन्त्रिस्तर) को मिति २०६१।९।९ को निर्णयबाट जग्गा प्रस्प्राप्तिको लागि कारवाही चलाउने निर्णय भइसकेको देखिएको तर हालसम्म पनि उक्त निर्णयअनुसार जग्गा प्राप्तिको कारवाही निष्कर्षमा पुग्न नसकी ढिलो भएको देखिँदा सो सम्बन्धमा यथाशीघ्र आवश्यक प्रक्रिया पुऱ्याई चाँडो निर्णय गर्नु भनी विपक्षीहरूको नाममा परमादेश जारी हुने ।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६८ साल साउन १६ गते रोज २ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- २०६२ सालको रिट नं. WO-३११६, उत्प्रेषण मिश्रित परमादेश समेत, *सुरेशबाबु श्रेष्ठ वि. भौतिक योजना तथा निर्माण मन्त्रालय समेत*
- २०६२ सालको रिट नं. WO-३११७, उत्प्रेषण मिश्रित परमादेश समेत, सुशीलासिँह डंगोल (गोर्खाली) *समेत वि. भौतिक योजना तथा निर्माण मन्त्रालय समेत*

३

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.प्रा.डा. श्री भरतबहादुर कार्की,** २०६५ सालको CR-००१६, CR-०१४१, उपभोक्ताको ऐन, २०६४ अन्तर्गतको कसूर, *मालचन्द दुगड वि. नेपाल सरकार, बिनोद मित्तल वि. नेपाल सरकार*

उपभोक्ता संरक्षण ऐन, २०५४ को दफा १० (क) (ङ) को कानूनी व्यवस्थाअनुरूप उत्पादकको नाम, ठेगाना र उद्योग दर्ता नम्बर, उपभोग्य पदार्थमा वस्तुको मिश्रण समेतका अनिवार्य विवरणहरूको उल्लेख गर्नुपर्नेमा प्रतिवादी मालचन्द दुगडले आफूकहाँबाट बिक्री भएको पामोलिन तेलमा लेबल समेत नटाँसी बिक्री वितरण गरी उक्त कानूनी व्यवस्थाको पालना समेत गरेको देखिन आएन । मिसिल संलग्न प्रमाणहरुबाट विवरण नखुलेको र गुणस्तहीन तेल बिक्री वितरण गर्नको लागि प्रतिवादी विनोद मित्तललाई

मालचन्द दुगडले बिक्री गरेको बिल, विजक, प्रतिवादी बिनोद मित्तलको बयान र बिक्रीअनुरूपकै तेल अन्नपूर्ण भण्डारबाट बरामद भएबाट आफूकहाँबाट बिक्री भएको तेलमा उपभोक्ता संरक्षण ऐन, २०५४ द्वारा निर्धारित विवरणहरू समेत खोली लेबल समेत टाँसी गुणस्तरीययुक्त तेल बिक्री वितरण गर्नुपर्नेमा सो नगरी गुणस्तरहीन पामोलिन आयल प्रतिवादी बिनोद मित्तललाई बिक्री गरी उपभोक्ता संरक्षण ऐनको दफा ९(क) र ऐ. ऐन, २०५४ को दफा १०(क) समेतको कसूरमा प्रतिवादी मालचन्द दुगडलाई ऐ.ऐनको दफा १८(ख) ले रू.५०००।- र ऐ.को दफा १८(ग) ले रू.५०००।- गरी जम्मा रू.१०,०००।- अक्षरेपी (दशहजार) रूपैयाँ जरीवाना हुने ।

इजलास अधिकृतः गायत्रीप्रसाद रेग्मी

कम्प्युटरः बिपनादेवी मल्ल

इति संवत् २०६८ साल असार १३ गते रोज २ शुभम् ।

४

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.प्रा.डा. श्री भरतबहादुर कार्की,** २०६६ सालको रि.नं. WO-१२५८, उत्प्रेषणयुक्त परमादेश समेत, *जोखनप्रसाद यादव वि. प्रहरी प्रधान कार्यालय समेत*

कर्तव्य ज्यान मुद्दा दायर हुँदैमा लगाइएको अभियोग नैतिक पतन देखिने फौजदारी कसूर हो भन्न पनि मिल्ने हुँदैन । त्यसमा पनि यस अदालतको मिति २०६६।९।२७ को फैसलाबाट निवेदकले आरोपित कसूरबाट पूर्णरूपमा सफाइ पाउने ठहरी फैसला भइसकेको देखिएकोले निजले नैतिक पतन देखिने कसूर अपराध गरेको भनी अदालतबाट दोषी ठहर भएको भनी निवेदकलाई कारवाही एवं सजाय हुने गरी भएको निर्णय कायम हुन नसक्ने ।

निवेदक जोखनप्रसाद यादवलाई कर्तव्य ज्यान मुद्दामा अभियोग दायर हुनासाथ अदालतबाट दोषी प्रमाणित नभई प्रहरी नियमावली, २०४९ को नियम ८८ को देहाय (घ) मा उल्लेख भएअनुसार नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट अपराध प्रमाणित भएको र सोही दफाको देहाय(ङ) अनुसार आफ्नो पदअनुसार आचरण नगरेको भन्ने अभियोग लगाई निवेदकलाई नोकरीबाट सामान्यतः भविष्यमा सरकारी नोकरीको लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरी जिल्ला प्रहरी कार्यालय बाराबाट मिति २०६३।२।१६ मा खडा गरिएको निर्णय पर्चा र सोही निर्णयलाई सदर गर्ने गरी भएको मध्यक्षेत्रीय प्रहरी कार्यालय हेटौंडाको मिति २०६३।१०।२८ मा भएको निर्णयमा प्रहरी नियमावली, २०४९ को नियम ८८ को प्रत्यक्ष रूपले (Apparent) त्रुटि देखिएको र यस्तो कानूनी रूपले त्रुटिपूर्ण निर्णय कायम राखिरहन उपयुक्त नहुने ।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल

कम्प्युटरः बिपनादेवी मल्ल

इति संवत् २०६८ साल असार ६ गते रोज २ शुभम् ।

## इजलास नं. ३

१

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री प्रेम शर्मा,** २०६३ सालको दे.पु.नं.०४३८, निर्णय बदर, *फुलकुमारी राई वि. हर्कसिंह राईको मुद्दा सकार गर्ने संगीता राई समेत*

वादीले लेखाइदिएको चार किल्ला विवरण यस अदालतको आदेशानुसार मिति २०६६।९।२८ मा सम्पन्न भई आएको नक्सामा न.नं १८ विवादको कि.नं. ६७३ रहेको देखियो । सो कि.नं. को चार किल्ला हेर्दा न.नं. २० कि.नं. ६७४ साविक मरिचे, कुवीरध्वज हाल कृष्णप्रसाद राईको खेत तथा नं.नं. २३ को घारेढुंगाको डिलपूर्व, अरुण नदी पश्चिम (न.नं. १६) न.नं. १७ को जरुवा ढुंगा उत्तर र न.नं. ३२ को घोप्टे ढुंगा दक्षिण रहेको छ । यति चार किल्लाभित्रको सो जग्गा प्रत्यर्थी वादीले कुवीरध्वज जिमीसँग मिति २०३९।१।२७।२ मा र र.नं. १४४० को राजीनामा लिखतमा उल्लेख भएको ४ किल्ला र प्रस्तुत मुद्दामा भइ आएको नक्सा मुचुल्कामा उल्लिखित नक्सा नं. हरूले समर्थन गरेको देखिँदा उक्त कित्ता जग्गामा प्रतिवादीको हक कायम हुन नसक्ने ।

विवादको कि.नं. ६७१ को विषयमा प्रत्यर्थी वादीको पुनरावेदन जिकीर रहेको नदेखिएकाले उक्त जग्गा प्रत्यर्थी वादीको कायम हुन नसक्ने ।

इजलास अधिकृतः खड्गराज अधिकारी

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६८ साल जेठ ३० गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री प्रेम शर्मा,** २०६७-CR-००९, झूठा शैक्षिक प्रमाणपत्र पेश गरी भ्रष्टाचार गरेको, *नेपाल सरकार वि.खगराज पाठक*

सरकारी विश्वविद्यालयको रुपमा रहेको त्रिभुवन विश्वविद्यालयअन्तर्गतको शिक्षाध्यक्षको कार्यालयले अदालतको आदेशानुसार प्रतिवादीले प्राप्त गरेको बी.ए. उत्तीर्ण गरेको भनिएको विवादित प्रमाण पत्रको सत्यता सम्बन्धमा बुझी प्रेषित गरेको पत्रलाई अदालतले बिना आधार शंकास्पद भएको भनी प्रमाणमा लिनबाट अस्वीकार गर्न मिल्ने देखिँदैन । सो पत्र शंकास्पद भएको हो भने सो सम्बन्धमा वादी पक्षले छुट्टै अनुसन्धान कारवाही गरी कुनै मुद्दा दायर भएको समेत देखिन आएन । अतः त्रिभुवन विश्वविद्यालयको शिक्षाध्यक्षको कार्यालयमार्फत् प्राप्त पत्रलाई अदालतले पुनरावेदन पत्रमा शंकाष्पद भनी लिएको जिकीरको आधारमा मात्र प्रमाणमा लिनबाट अस्वीकार गर्न नमिल्ने ।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल
कम्प्युटरः वेदना अधिकारी
इति संवत् २०६८ साल असोज १ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री प्रेम शर्मा,** २०६६-CR-०८१४, झूठा शैक्षिक प्रमाणपत्र भ्रष्टाचार गरेको, *नेपाल सरकार वि.लोकबहादुर हितान*

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को मुद्दामा अनुसन्धानको कारवाही चलाउनेसम्बन्धी कानूनी व्यवस्था सारवान कानूनको व्यवस्था नभई कार्यविधिसम्बन्धी कानूनको व्यवस्था हो । सारवान कानूनमा मुद्दा दायर गर्ने हदम्याद लेखिएको भएमा सोही समयभित्र दायर गर्नुपर्छ अन्यथा त्यस्तो मुद्दा अदालतमा लाग्न नसक्ने हुन्छ । कार्यविधिसम्बन्धी कानूनको व्याख्या गर्दा सारवान कानूनको व्यवस्थालाई ध्यानमा राखी भरसक सारवान र कार्यविधि कानूनको दुवै व्यवस्थाहरू क्रियाशील हुने गरी व्याख्या गर्नुपर्ने हुन्छ । तर त्यसरी दुवै कानूनी व्यवस्थाहरू एकैसाथ क्रियाशील हुन नसकेको अवस्थामा सारवान कानूनको व्यवस्थालाई निष्प्रयोजन हुने गरी कार्यविधि कानूनको व्याख्या गर्न नहुने ।

सारवान कानून भ्रष्टाचार निवारण ऐन, २०५९ ले मुद्दा दायर गर्न कुनै हदम्याद तोकेको पाइदैन । मुद्दा दायर गर्न हदम्याद नतोकिएको अवस्थामा जहिलसुकै पनि दायर गर्न सक्ने हाम्रो कानूनी प्रणालीको स्थापित मान्यता र प्रचलन हो । पुरानो ऐनमा मुद्दा दायर गर्ने हदम्याद राखिएकोमा नयाँ ऐनले त्यसरी मुद्दा दायर गर्ने हदम्याद नतोक्नुमा हदम्यादसम्बन्धी व्यवस्थालाई खुकुलो गर्ने भन्ने विधायिकाको मनसाय प्रष्ट देखिन्छ । मुद्दा दायर हुँदाका अवस्थामा कायम रहेको ऐनले हदम्यादै नतोकेको अवस्थामा पुरानो ऐन अनुसारको हदम्याद लगाई नयाँ ऐनअनुसार दायर भएको मुद्दा खारेज गर्नु त्रुटिपूर्ण हुने ।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल
कम्प्युटरः वेदना अधिकारी
इति संवत् २०६८ साल असोज १ गते रोज १ शुभम् ।

४

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री प्रकाश वस्ती,** २०६५-CI-०५६४, क्षेत्रफल मिलान नक्सा सुधार, *नरबहादुर बोहरा वि. धर्मराज जैशी*

वादी नरबहादुरले दिएको निवेदनमा विपक्षी धर्मराज जैसीको हकको कि.नं. १३३ को जग्गाको क्षेत्रफलमा नै तलमाथि गरी फरक पार्ने गरी मालपोत कार्यालयबाट कायम भइरहेको जग्गाको नक्सामा संशोधन गर्ने निर्णय गरी नापी शाखालाई पत्राचार गरिएको पाइन्छ । तर त्यसरी निर्णय गर्दा विपक्षी धर्मराज जैसीलाई मालपोत कार्यालयबाट बुझी आफ्नो भनाई राख्ने र सबूद प्रमाणहरू पेश गर्ने मौका प्रदान गर्नुपर्नेमा नदिई प्राकृतिक न्यायको सिद्धान्तविपरीत निर्णय गरेको देखिँदा यस्तो तथ्यगत पृष्ठभूमिमा पुनरावेदन अदालतले शुरु मालपोत कार्यालयको निर्णय बदर गरी पुनः इन्साफका लागि मिसिल शुरुमा फिर्ता पठाउने निर्णय मिलकै देखिँने ।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल
कम्प्युटरः वेदना अधिकारी
इति संवत् २०६८ साल कात्तिक १३ गते रोज १ शुभम् ।

५

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री प्रकाश वस्ती,** २०६४ सालको दे.पु.नं. ०६९९, लिखत दर्ता बदर, *निशा अधिकारी वि.दिवाकर बाँनिया समेत*

विवादित घर जग्गा वादीको समेत हक लाग्ने सगोलको ठहरी अंश मुद्दामा अदालतबाट फैसला भई अन्तिम भइरहेको भन्ने देखिँदा उक्त फैसलाबाट विवादको घर जग्गा वादी प्रतिवादीबीच अंश लाग्ने सगोलको सम्पत्ति मान्नुपर्ने हुन आयो । उक्त मुद्दाको अन्तिम भइरहेको फैसलाका कारणले विवादित घर जग्गा निजको दाइजो पेवाको हो होइन भन्ने सम्वन्धमा यस मुद्दामा विश्लेषण गरी रहनु नपर्ने ।

वादी दिवाकर बाँनिया र निजको नाबालक छोरा रौनक बाँनिया समेतको अंश हक लाग्ने घर जग्गा प्रतिवादी निशा अधिकारीले वीणा शर्मालाई अंश मुद्दा विचाराधीन रहेको अवस्थामा हक हस्तान्तरण गरी राजीनामा गरिदिएको देखिन्छ । उक्त लिखत र सोबाट भएको दर्ता वादी दिवाकर बाँनिया र नाबालक छोरा रौनक बाँनियाको हकमा तीन भागको दुई भाग बदर हुने र नावालक रौनक बाँनियाको हकमा लिखत र दर्ता बदर भएको जग्गा निजको उमेर पुगेपछि हक हस्तान्तरण गर्न पाउने गरी हाल निजको नाममा नामसारी दर्ता समेत गरी लिन पाउने ।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल
कम्प्युटरः वेदना अधिकारी
इति संवत् २०६८ साल कात्तिक १४ गते रोज २ शुभम् ।

६

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री प्रकाश वस्ती,** २०६४-CI-१०३३, दर्ता बदर, *धर्मराज थापा समेत वि.भूमिसुधार कार्यालय तथा व्यवस्थापन विभाग समेत*

कानूनले हदम्याद नतोकिएकोमा बाहेक यो यति समयभित्र यो यस्तो प्रकारको नालिस वा उजुरी दिई सक्नुपर्छ भनी हदम्याद तोकिएकोमा सोही समयावधिभित्र नै नालेस वा उजूरी दिई सक्नुपर्छ । हदम्यादको अभावमा कुनै पनि उजूरी स्वीकारयोग्य हुँदैन । कानूनले निर्धारण गरेको हदम्यादभित्र नालिस वा उजूर परेको छ, छैन भनी अदालतले जहिलेसुकै र जुनसकै तहमा पनि हेर्न र निरोपण गर्न सक्ने नै हुन्छ । कानूनमा नै प्रष्ट र किटानी रुपमा तोकिएको हदम्याद गुज्रिसकेको अवस्थामा मालपोत कार्यालयले नालेस गर्न जानु भनी सुनाएकोसम्म कारणले कानूनद्वारा निर्धारण गरिएको हदम्यादको सीमा बढ्न गएको भनी अर्थ गर्न नमिल्ने ।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल
कम्प्युटरः वेदना अधिकारी
इति संवत् २०६८ साल कात्तिक १४ गते रोज २ शुभम् ।

७

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री प्रकाश वस्ती,** २०६७-CR-०२६५, नक्कली प्रमाण पत्र, *नृपबहादुर बुढा वि.नेपाल सरकार*

फाइदा लिने उद्देश्यले योग्यता ढाँटी झूठा विवरण पेश गर्नु मात्र पनि कसूर हुनका लागि पर्याप्त देखिन्छ । प्रतिवादीबाट नक्कली सर्टिफिकेट बनाई पेश गर्नुको पछाडि ओहोदासम्बन्धी लाभ प्राप्त गर्ने उद्देश्य रहेको र प्रमाणपत्र पेश गर्ने कार्यबाट आपराधिक कार्य समेत सम्पन्न भई निजले सो प्रमाणपत्र पेश गरी कुनै लाभ प्राप्त गरिसकेको नभए पनि निजबाट आपराधिक कार्य सम्पन्न भइसकेको मान्नुपर्ने ।

पुनरावेदक प्रतिवादी नृपबहादुर बुढाले शैक्षिक योग्यता ढाँटी नक्कली प्रमाणपत्र पेश गरी भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ को कसूर गरेको देखिएबाट सोही ऐनको दफा १२ र २९(२) अनुसार रु.५००। जरीवाना हुने ।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल
कम्प्युटरः वेदना अधिकारी
इति संवत् २०६८ साल भदौ २० गते रोज ३ शुभम् ।

८

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री प्रकाश वस्ती,** २०६५-CI-०२६५, जग्गा खिचोला चलन, *मनबीर मण्डल समेत वि. रामेश्वर मण्डल समेत*

जग्गाको समान हकदारमध्ये वादीहरूसँग एक भाइले आफूले दायर गरेको मुद्दाको तारेख छोडी डिसमिस गराएको भन्ने कारणले समान हकदारको रुपमा रहेका वादीहरूको हक समाप्त भएको भन्ने अर्थ गर्न मिल्दैन । वादीहरूले आफ्नो अंश भागमा पर्ने जग्गामा आफ्नो हक खोज्नु स्वाभाविकै देखिने ।

पुनरावेदक वादीहरूको सा.कि.नं. २०६५ को जग्गामध्येको विक्री गरी बाँकी रहेको जग्गामा प्रतिवादीहरूले वादीको स्वीकृति, मञ्जूरी लिई घर

बनाई बसेको भन्ने नदेखिएको र यसरी प्रतिवादीले आफ्नो हक स्वामित्व नभएको जग्गामा खिचोला गरी घर बनाएको भन्ने स्थापित भएको देखिएको र वादीले दावी गरेको मितिभन्दा अगावै उक्त जग्गामा प्रतिवादीहरूले घर बनाएको भन्ने ठोस सबूद प्रमाण प्रतिवादीबाट पेश भएको नदेखिँदा हदम्यादको आधारमा समेत फिराद दावी खारेज हुनुपर्छ भन्ने प्रतिवादीहरूको जिकीर प्रमाणबाट समर्थित भएको नपाइने ।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल

कम्प्युटरः विपनादेवी मल्ल

इति संवत् २०६८ साल कात्तिक १३ गते रोज १ शुभम् ।

९

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री प्रकाश वस्ती,** २०६६ सालको फौ.पु.नं. ०६६-CR-०३५०, जालसाज, *तारादेवी कुमाल वि. नीरबहादुर कुमाल समेत*

मुलुकी ऐन, कीर्ते कागजको १८ नं. मा "सरकारी छाप लागेका कागजहरू र सरकारी अड्डामा रहेको कागजपत्रहरू बाहेक अरू कीर्ते वा जालसाजी गऱ्यो भन्ने वा मुखका परिपञ्चले कीर्ते कुरा गऱ्यो नपाएको दर्जा पाएँ भनी भन्यो वा सो भनी परपजनी समेत गऱ्यो भन्ने कुरामा सो काम भए गरेको मितिले दुई वर्षभित्र नालिस नदिए लाग्न सक्तैन" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ । वादीले फिराद गर्दा आधार लिएको *नेकाप* २०४४, अङ्क ७, पृष्ठ ७६४ नि.नं. ३१५६ को नजीरमा "जालसाजी प्रकाशमा आएपछि मात्र थाहा पाउने, सोही मितिलाई काम भएको मिति मानी म्याद कायम गर्नुपर्ने" भन्ने सिद्धान्तलाई यस अदालत पूर्ण इजलासबाट लोकभक्त राणा विरूद्ध रमावती राजभण्डारी भएको जालसाजी मुद्दामा (*नेकाप* २०५५, अङ्क ११, नि.नं. ६६२५) प्रतिपादित सिद्धान्तले प्रतिस्थापन गरिसकेको हुँदा वादीको सो दावी जिकीरसँग सहमत हुन नसकिने ।

मिति २०५५।९।२२ मा भएको लिखतको विषयमा सोको दुई वर्षभित्रै फिराद दायर गरी सक्नुपर्नेमा मिति २०६२।४।११ मा सो हदम्याद नघाई दायर भएको फिरादका आधारमा मुद्दाको तथ्यभित्र प्रवेश गरी फैसला गरेको शुरू जिल्ला अदालतको फैसला सो हदसम्म उल्टी हुने भै वादीको फिराद खारेज गर्ने ठहऱ्याएको पुनरावेदन अदालतको मिति २०६६।३।२८ को फैसला मुनासिब हुने ।

इजलास अधिकृतः खड्गराज अधिकारी

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६८ साल असार २६ गते रोज १ शुभम् ।

१०

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री प्रकाश वस्ती,** २०६५ सालको दे.पु.नं. ०६४-CI-०१००५, खिचोला मेटाई चलन, *मन्तजिर मियाँ वि. महमद हलिम देवान*

बारा जिल्ला मटिअर्वा गा.वि.स. वडा नं. ८ स्थित गाउँ ब्लकको ०-०-६ मिन्ही घरबासको जग्गा र सोमा बनेको घर समेत सञ्जीवकुमार पाण्डे भूमिहारबाट यस मुद्दाका वादीले र.नं. ३१९१ मिति २०५९।८।१५ मा खरीद गरेकाले सो जग्गा घरमा निजको हकभोग रहेको नै मान्नुपर्ने ।

वादीलाई जग्गामा हक नरहेको भन्ने प्रतिवादीहरूको पुनरावेदन परेको देखिँदा हक प्राप्त यी वादीलाई प्रत्यर्थी प्रतिवादीले दावीको जग्गामा आफूखुशी कब्जा खिचोला गर्ने कार्य स्वयंम्मा खिचोलाजनक कार्य मान्नुपर्ने हुँदा वादी दावीबमोजिम निजहरूले खिचोला गरेको हुँदा वादी दावीबमोजिम प्रतिवादीको खिचोला मेटाई चलन चलाई दिने ।

इजलास अधिकृतः खड्गराज अधिकारी

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६८ साल असार २६ गते रोज १ शुभम् ।

- यसै लगाउको २०६५ सालको दे.पु.नं. ०६४-CI-०१००४, घर घत्काई हटाई पाऊँ, *मन्तजिर मियाँ वि. महमद हलिम देवान* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

११

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री भरतराज उप्रेती,** ०६६-WO-१०६१, उत्प्रेषण परमादेश समेत, *पूर्णप्रसाद राजवंशी वि. काठमाडौं जिल्ला अदालत समेत*

अन्तिम फैसला हुँदा मुद्दाका पक्षबाट असूल गर्नुपर्ने विगो, जरीवानालगायतका दण्ड सजाय असूल हुन नसक्ने परिस्थितिको सिर्जना हुने वा वारिसद्वारा मुद्दाको पुर्पक्ष गराउने अधिकार प्रयोग गर्न चाहने

मुद्दाका पक्षले पूरा गर्ने शर्तहरूको बारेमा अदालती वन्दोवन्स्तको ६५ तथा ६६ नं. मा गरिएको व्यवस्थालाई निष्क्रिय पार्ने किसिमबाट कानून व्यवसायी परिषद् ऐन, २०५० को दफा २२(१) मा गरिएको व्यवस्थाको व्यापक परिभाषा र अर्थ गर्न मिल्दैन । उक्त दफा २२ (१) अनुसार कानून व्यवसायीलाई मुद्दाका पक्षको तर्फबाट उपस्थित हुने सम्बन्धमा दिएको अधिकार कानून व्यवसायीलाई प्राप्त सम्पत्ति सम्बन्धी हक जस्तो व्यक्तिगत हक नभई कानूनद्वारा निर्धारित दायराभित्र रही सञ्चालन हुने पेशा सम्बन्धी अधिकार मात्र हो । यसैले यस्तो अधिकार प्रयोग गर्ने गराउने नाममा अन्य प्रचलित कानूनमा गरिएको व्यवस्थालाई निष्क्रिय वा शून्य गराउन नमिल्ने ।

निवेदकको पक्ष विदेशी नागरिक भएको र निजले मुलुकी ऐन अदालती वन्दोवस्तको ६६ नं. को प्रक्रिया पूरा गरी वारेसद्वारा मुद्दाको पुर्पक्ष गराई पाउन अदालतको अनुमति प्राप्त गरेको देखिएन । यसरी फौजदारी मुद्दामा विदेशी प्रतिवादीले अदालती वन्दोवस्तको ६६ नं. अनुसारको प्रक्रिया पूरा गरी वारेसबाट मुद्दाको पुर्पक्ष गराई पाउने अनुमति प्राप्त नगरेको अवस्थामा फौजदारी मुद्दाका प्रतिवादीले न्यायालयबाट पाउने उपचारको हक वारेसमार्फत् उपभोग गर्न पाउने अवस्था नहुँदा निवेदकलाई कानून व्यवसायी परिषद् ऐन, २०५० को दफा २२(१) अनुसार आफ्नो पक्षको तर्फबाट उपस्थित हुने हक समेत प्राप्त नहुने ।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६८ साल भदौ २१ गते रोज ४ शुभम् ।

१२

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री भरतराज उप्रेती,** ०६७-WO-०३१९, उत्प्रेषण परमादेश समेत, *लक्ष्मण यादव वि.कैलु पासवान समेत*

निवेदक लक्ष्मण यादवउपर परेको हक निखनाई पाऊँ भन्ने मुद्दामा मालपोत कार्यालय लाहानबाट मिति २०६६।१०।१६ मा म्याद तामेल हुँदा निवेदकको घर दैलोमा टाँस गरी म्याद तामेल गरिएको तर त्यसरी तामेल गर्दा सम्बन्धित गाउँ विकास समितिका सदस्य वा सचिवलाई रोहवरमा राख्नुपर्नेमा राखेको देखिएन । यसरी कानूनको रीत नपुर्‍याई म्याद तामेल गरेको देखिँदा उक्त तामेली म्यादलाई रीतपूर्वकको मान्न नमिल्ने ।

कुनै पनि व्यक्तिलाई आफ्ना विरुद्ध हुने कारवाहीको सूचना पाउने हक कानून एवं संविधानद्वारा प्रत्याभूत गरिएको हुँदा मुलुकी ऐन अदालती वन्दोवस्तको ११० नं. को रीत नपुर्‍याई तामेल गरिएको म्याद वेरीत हुँदा मालपोत कार्यालयबाट प्रतिवादीलाई पुनः म्याद तामेल गर्ने गरी भएको निर्णय आदेशमा कुनै त्रुटि नदेखिँने ।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल

कम्प्युटरः बिपनादेवी मल्ल

इति संवत् २०६८ साल भदौ २१ गते रोज ४ शुभम् ।

१३

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री भरतराज उप्रेती,** ०६४-CI-०९५२, घर भत्काई पाऊँ, *यमुनाकर शाक्य समेत वि. कल्पना शाक्य*

पुनरावेदक प्रतिवादीहरूले तीनै कित्ता जग्गा सामूहिक रूपमा भोग चलन गरी घर निर्माण समेत गरेको तथ्य मिसिल संलग्न नक्सा पाससम्बन्धी कागजहरूबाट देखिन्छ । प्रतिवादीहरूको भोग चलनमा रहेको (बाटोमा परेको समेत) कि.नं. १७०, १७४ र १७५ को जग्गाको जम्मा क्षेत्रफल ०-४-३-२½ हुन आउँछ । तर प्रतिवादीहरूको नाममा रहेको निजहरूको दर्ताअनुसार ०-४-३-० मात्र रहेको तथ्य जग्गाधनी दर्ता प्रमाण पूर्जा समेतबाट देखिन आएकोले प्रतिवादीहरूले स्रेस्तामा रहेको भन्दा बढी नै जग्गा भोगचलन गरिआएको तथ्य पुष्टि हुन आउने ।

विवादित न.नं. १४, १५ र १६ को जग्गा पनि वादीकै कि.नं. १७१ भित्रकै रहेको तथ्य नक्सा मुचुल्का एवं मिसिल संलग्न साविक नापी नक्सा समेतबाट वादी दावीको उक्त कि.नं. १७१ को जग्गा क्षेत्रभित्र रहेको विवादित न.नं. १४, १५ र १६ को घर, संरचना तथा जग्गामा प्रतिवादीहरूको भोग चलन रहेको तथ्य मिसिल संलग्न नक्सा मुचुल्का समेतबाट पुष्टि हुन आउने हुँदा प्रतिवादीले आफ्नो हक नपुग्ने जग्गामा नक्साविपरीत पछिल्लो समयमा निर्माण गरेको कार्यलाई सो घरको क्षेत्र कहिले बनेको भन्ने सम्बन्धमा

प्रतिवादीहरूले कुनै निश्चित आधार प्रमाण देखाउन नसकेकाले पुनरावेदन जिकीरबमोजिम हदम्याद नाघी फिराद परेको मान्न नमिल्ने हुनाले सो सम्बन्धमा वादीको फिराद हदम्यादभित्रकै मान्नुपर्ने ।

इजलास अधिकृतः रमेशप्रसाद रिजाल

इति संवत् २०६८ साल असार २७ गते रोज २ शुभम् ।

- यसै लगाउको ०६४-CI-०९५३, नक्साविपरीत गरेको निर्माण कार्य भत्काई पाऊँ, *यमुनाकर शाक्य समेत वि. कल्पना शाक्य* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

१४

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६७-WH-००८९, बन्दीप्रत्यक्षीकरण, *अब्दुल खलिकको हकमा लक्ष्मीप्रसाद पोखरेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

थुनामा राख्नु र तोकेको स्थानमा राख्नु भन्नु एउटै अर्थ र प्रयोगको लागि उपयुक्त हुने शब्द होइनन् । अध्यागमन विभागले तोकेको स्थानमा वस्नुपर्ने भन्ने व्यवस्थाले कानूनको गलत अर्थ र प्रयोग गरी निवेदकलाई बन्दी गृहमा वा हिरासतमा राख्ने अधिकार प्रत्यर्थी महानिर्देशकलाई प्राप्त रहेको भन्न नमिल्ने हुनाले स्पष्ट रुपमा हिरासतमा राख्ने कानूनी व्यवस्थाको अभावमा हिरासतमा राख्ने कार्य सरासर वद्नियतपूर्ण एवं कानूनविपरीत रहेको मान्नुपर्ने ।

सरकारमा रहेका सार्वजनिक पद धारण गरेका जिम्मेवार उच्च पदस्थ पदाधिकारीबाट व्यक्तिको स्वतन्त्रताको संवैधानिक एवं कानूनी हकलाई सम्मान गरी पालन गर्नुपर्नेमा त्यसो नगरी यी निवेदकलाई गैरकानूनी रुपमा थुनामा राखिएको कार्यलाई कानूनको दुराशयपूर्ण प्रयोग गरी व्यक्तिको स्वतन्त्रताको हक र संविधान तथा अन्तर्राष्ट्रिय दस्तावेजद्वारा प्रदत्त मानव अधिकारको उल्लघंन गरिएको मान्नुपर्दछ । वैयक्तिक स्वतन्त्रता (Personal Freedom) मानव जीवनको महत्वपूर्ण हक हो । यस्तो हक मानिस भएको नाताले मानिसलाई स्वतः प्राप्त हुन्छ र कानूनबमोजिम बाहेक वा कानूनको उचित प्रक्रिया नपुर्‍याई कसैले सो हक अपहरण गर्न नमिल्ने ।

अदालतबाट बन्दीलाई उपस्थित गराउन आदेश भई सोको सूचना समेत प्राप्त भएको अवस्थामा आदेशानुसार बन्दीलाई अदालतमा उपस्थित गराउनु पर्ने महानिर्देशकको कर्तव्य भएकोमा त्यसो नगरी अदालतको जानकारी वा अनुमति विना नै बन्दीलाई स्थानान्तरण गरी विदेश निष्काशन गरी अदालतलाई सो कुराको जानकारीसम्म नदिएको हुँदा त्यस्तो कार्य सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३७ र ३९ को प्रतिकूल देखिने ।

अध्यागमन विभागका महानिर्देशकले कानून र मानव अधिकारको उल्लंघन गरी कानूनी अधिकार र आधारविना अदालतको फैसलाबमोजिमको सजाय भुक्तान गरिसकेको विदेशी नागरिकलाई गृह मन्त्रालयबाट निष्काशन गर्ने स्वीकृति प्राप्त भइसकेपछि पनि लामो अवधि दुराशयपूर्ण ढंगबाट आफ्नो बन्दीगृहमा गैरकानूनी थुनामा राखेको र यस अदालतलाई बिना जानकारी तथा कानूनी प्रक्रियाबिना बन्दीप्रत्यक्षीकरणको रिट विचाराधीन रहेको अवस्थामा बन्दीलाई पाकिस्तान पठाई हस्तान्तरण गरी आफ्नो पदीय दायित्व र कर्तव्यप्रतिकूल कार्य गरेको समेत देखिएकोले यसरी दुराशयपूर्ण ढंगबाट जानाजान कानून उल्लघंन गरी पदअनुसारको कर्तव्य पूरा नगर्ने महानिर्देशकलाई अब उप्रान्त यस्तो कानूनविपरीत कुनै कामकारवाही नगर्नु भनी सचेत गराउने गरी विभागीय कारवाही गर्नु तथा परिणाम र कारवाहीको जानकारी यस अदालतको फैसला कार्यान्वयन निर्देशनालयलाई गराउने ।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६८ साल साउन १६ गते रोज २ शुभम् ।

१५

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६७-CI-०५१४, निषेधाज्ञा, *स्वामी चेतनदास उदासीन वि. लक्ष्मीनारायण भगवान मन्दिरको कार्य समिति, नेपालगञ्ज नगरपालिका वडा नं. १०, बाँके समेत*

विपक्षीहरूको के कस्तो कामकारवाही वा निर्णयबाट निवेदकको धर्मसम्बन्धी हकमा आघात पार्ने आशंका भएको हो सो कुरा स्पष्ट खुलाउन सकेको पाइदैन । केवल मन्दिरभित्रको उदासीन आश्रमबाट उदासीन साधुहरुलाई हटाउने प्रयास पहिलेदेखि नै

हालसम्म विपक्षीहरुले गर्दै आएका छन् भनी निवेदन तथा पुनरावेदनमा जिकीर लिएको पाइन्छ। सो भनाई समर्थन हुने कुनै विश्वसनीय आधार पुनरावेदकले देखाउन सकेको पाइदैन। अर्कोतर्फ विपक्षीहरूले निवेदकलगायत उदासीन सम्प्रदायको कुनै पनि साधु वा भक्तलाई विस्थापित नगरेको, निवेदकको कानूनप्रदत्त हकमा आघात नपारेको र भविष्यमा पार्ने स्थिति समेत छैन भनी लिखित जवाफ दिएको देखिन्छ। प्रत्यर्थी विपक्षीहरूको उपर्युक्त कथनलाई विश्वास गर्नु नपर्ने आधारभूत कारण पनि देखिँदैन। यदि विपक्षीहरूले निवेदकको नागरिक अधिकार ऐन, २०१२ द्वारा प्रदत्त कुनै पनि हकमा आघात पार्ने मनासिब आशंका भविष्यमा सिर्जना गरे निवेदकले सोही बखतमा यो उपचारको मार्ग अवलम्बन गर्न पनि सक्ने नै देखिँदा निवेदकको नागरिक अधिकारमा आघात पुऱ्याउने आशंकाको स्थिति विद्यमान नदेखिँने।

इजलास अधिकृतः पुष्पराज थपलिया
कम्प्युटरः विश्वराज पोखरेल
इति संवत् २०६८ साल साउन २६ गते रोज ५ शुभम्।

१६

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६७-CI-०५१६, परमादेश, *माधवराज पन्त समेत वि. नन्दलाल भन्ने कवचा महर्जन*

भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६घ ले मोही लागेको जग्गा नरम गरम मिलाई जग्गाधनी र मोहीलाई आधा-आधा हुने गरी बाँडफाँड गरी मोही लगत कट्टा गरिदिनु तोकिएको अधिकारीको कानूनी दायित्व नै भएको हुँदा सोहीबमोजिम भूमिसुधार कार्यालय ललितपुरबाट कि.नं. ६ को आधा जग्गा प्रत्यर्थी निवेदक मोहीका नाममा दा.खा. गरी मोही लगत कट्टा गर्न मालपोत कार्यालय ललितपुरमा लेखी पठाएको देखिएको र बाँकी आधा जग्गाबाट पुनरावेदक बैंकको कर्जा असूलउपर हुन नसक्ने भन्ने जिकीर पनि नरहेको अवस्थामा बाँकी रहेको कर्जा मात्रका लागि धितोबापत सुरक्षणमा रहेको पूरै जग्गा रोक्का राख्नुको कुनै मनासिब र युक्तिसंगत आधार नदेखिने।

भूमिसुधार कार्यालय ललितपुरले भूमिसम्बन्धी (चौथो संशोधन) ऐन, २०५३ को दफा २६घ बमोजिम मिति २०५४।११।१५ मा गरेको निर्णयअनुसार ललितपुर उपमहानगरपालिकाका वडा नं. ४(घ) कि.नं. ६ को जग्गालाई उत्तर दक्षिणबाट चिरा पारी पश्चिमतर्फ मोही नन्दलाल भन्ने कवचा महर्जनका नाउँमा दा.खा. भै स्रेस्ता कायम गरी दिन पूर्वतर्फको भाग जग्गाधनीको नाउँमा यथावत् कायम गरी मोही लगत समेत कट्टा गरी दिनु भनी दिएको पत्रअनुसार गर्न गराउन परमादेश जारी हुने ठहऱ्याएको पुनरावेदन अदालतको निर्णय मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः पुष्पराज थपलिया
कम्प्युटरः विश्वराज पोखरेल
इति संवत् २०६८ साल साउन २६ गते रोज ५ शुभम्।

१७

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.प्रा.डा. श्री भरतबहादुर कार्की,** ०६७-CI-०४६७, निषेधाज्ञा, परमादेश, *शशिभूषण तोदी वि. त्रिभुवन विमानस्थल भन्सार कार्यालय, गौचर समेत*

नागरिक अधिकार ऐन, २०१२ द्वारा प्रदत्त कुनै हकमा आघात पुग्ने प्रवल आशंकाको अवस्था विद्यमान भएको देखिन आएमा मात्र सोही ऐनको दफा १७(२) बमोजिम निषेधाज्ञा जारी हुने हो। त्यसैगरी कुनै निकाय वा अधिकारीले कुनै व्यक्तिको कानूनप्रदत्त हकमा आघात पुऱ्याएमा सो हकको प्रचलनको लागि पुनरावेदन अदालतबाट न्याय प्रशासन ऐन, २०४८ को दफा ८(२) बमोजिम परमादेश जारी हुन सक्ने हो। तर कुनै व्यापारिक कारोवार तथा सो सम्बन्धमा कुनै कर रकमको भुक्तानी सम्बन्धमा भएको कर फछ्र्यौट आयोगमा भएको कुनै सम्झौताको पालन गर्न गराउन अथवा बैंक ग्यारेन्टीको रकम भुक्तानी रोक्ने सम्बन्धमा निषेधाज्ञायुक्त परमादेश जारी हुन नसक्ने।

बैंक ग्यारेन्टीको रकम हितकारीले माग गर्नासाथ भुक्तानी दिनु बैंकको आफ्नो कानूनी दायित्व भएको अवस्थामा निषेधाज्ञाको माध्यमबाट सो भुक्तानी नदिनू नदिलाउनु भनी आदेश जारी गर्नु न्यायोचित, उपयुक्त र कानूनसँगत नहुने।

इजलास अधिकृतः पुष्पराज थपलिया
कम्प्युटरः विश्वराज पोखरेल
इति संवत् २०६८ साल साउन २६ गते रोज ५ शुभम्।

१८

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.प्रा.डा. श्री भरतबहादुर कार्की,** ०६७-CI-००४८, परमादेश, *राजेन्द्रप्रसाद शाह वि. जिल्ला शिक्षा कार्यालय, सप्तरी समेत*

शिक्षकमा नियुक्तिका लागि सिफारिश गरिएका विपक्षीमध्येका उमेशप्रसाद यादवको उमेरसम्बन्धी विवाद देखिएको र सो सम्बन्धमा कारवाहीका लागि यी पुनरावेदकले जिल्ला शिक्षा कार्यालय सप्तरीमा दिएको निवेदनमा कारवाही भैरहेको भन्ने जिल्ला शिक्षा कार्यालयको लिखित जवाफ देखिइरहेको अवस्थामा सो निवेदनमा कानूनबमोजिम निकासा हुने नै हुँदा उमेरसम्बन्धी विवादमा रिट क्षेत्रबाट हेर्न नमिल्ने ।

इजलास अधिकृतः पुष्पराज थपलिया
कम्प्युटरः विश्वराज पोखरेल
इति संवत् २०६८ साल साउन २६ गते रोज ५ शुभम् ।

१९

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.प्रा.डा. श्री भरतबहादुर कार्की,** ०६७-CI-००८८, परमादेश, *छोटेलाल यादव वि. मलेठ गा.वि.स. कार्यालय मलेठ, सप्तरी समेत*

संजिवकुमार यादवलाई जुन पदमा नियुक्त गरिएको हो सो पदको लागि आफू पनि प्रतिस्पर्धी उम्मेद्वार भएको र त्यसमा अनियमितता भएको भन्ने यी पुनरावेदकको निवेदन दावी वा पुनरावेदन जिकीर देखिँदैन । पुनरावेदक निवेदकले आफ्नो के कुन कानूनी हक विपक्षीहरूबाट हनन् भएको वा हुन गएको हो ? सो सम्बन्धमा स्पष्ट दावी लिन सकेको देखिँदैन । न्याय प्रशासन ऐन, २०४८ को दफा ८(२) बमोजिम परमादेश जारी गर्न कुनै निकाय वा अधिकारीले कुनै व्यक्तिको कानूनप्रदत्त हकमा आघात पुऱ्याएको तथ्य स्पष्ट देखिनु पर्ने हुन्छ । तर पुनरावेदक निवेदकले विपक्षीहरूको कार्यबाट आफ्नो यो यस्तो कानूनप्रदत्त हकमा आघात पुऱ्याएको भनी स्पष्ट दावी लिन नसकेकोले निवेदन खारेज हुने ।

इजलास अधिकृतः पुष्पराज थपलिया
कम्प्युटरः विश्वराज पोखरेल
इति संवत् २०६८ साल साउन २६ गते रोज ५ शुभम् ।

२०

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.प्रा.डा. श्री भरतबहादुर कार्की,** ०६४-CI-०१४३, परमादेश, *श्री आदर्श मा.वि. डाइनिया, मोरङ्ग समेत वि. राजेन्द्रप्रसाद साह समेत*

निवेदकहरू विद्यालय व्यवस्थापन समितिको सदस्य रहेको तथ्य तत्कालीन प्रधानाध्यापकको कथन र उक्त विद्यालय व्यवस्थापन समितिको माइन्यूट कपी समेतबाट देखिएकोले विद्यालय व्यवस्थापन समितिको बैठक हुने सूचना विपक्षीहरूले निजहरूलाई दिनुपर्ने र निवेदकहरूले सो सूचनाको आधारमा समितिको बैठकमा भाग लिन पाउनुपर्ने अवस्थामा सोबमोजिम विपक्षी सदस्य सचिवबाट सूचना दिने कार्य गरेको नदेखिएको हुनाले निवेदकहरूलाई शिक्षा नियमावली, २०५९ को नियम २७(४) बमोजिमको सूचना दिई कानूनबमोजिम बैठक सञ्चालन गर्नु भनी विपक्षीहरूका नाममा परमादेश जारी हुने ।

इजलास अधिकृतः पुष्पराज थपलिया
कम्प्युटरः विश्वराज पोखरेल
इति संवत् २०६८ साल साउन २६ गते रोज ५ शुभम् ।

२१

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.प्रा.डा. श्री भरतबहादुर कार्की,** ०६६-CI-१०८०, निषेधाज्ञा, *खगेन्द्रकुमार चौधरी वि. लक्ष्मी उराव समेत*

विवादित जग्गामा घर निर्माण भइसकेको भन्ने देखिएबाट शंकाको अवस्था विद्यमान नदेखिएको र यसै जग्गाका सम्बन्धमा सुनसरी जिल्ला अदालतमा जग्गा खिचोला मुद्दा परी विचाराधीन रहेको अवस्थामा सोही मुद्दाबाट नै विवादको निरोपण हुन सक्ने हुँदा निषेधाज्ञा जारी नहुने ।

इजलास अधिकृतः पुष्पराज थपलिया
कम्प्युटरः विश्वराज पोखरेल
इति संवत् २०६८ साल साउन २६ गते रोज ५ शुभम् ।

- यसै लगाउको ०६६-CR-०८१७, *खगेन्द्रकुमार चौधरी वि. लक्ष्मी उराव समेत* भएको अदालतको अपहेलना मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

## इजलास नं. ४

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** २०६३ सालको CI-००२३, करारबमोजिमको क्षतिपूर्ति रकम दिलाई भराई पाऊँ, *आर.के. शाक्य वि. लक्ष्मणप्रकाश विक्रम शाह*

अंग्रेजी मितिको १७ मार्च, १९९७ को करारलाई नै उल्लेख गरी मिति २०५३।१२।५ मा उक्त नेपालीमा करार भएको र करारबमोजिमको दायित्व कुनै पक्षले पूरा नगरेमा पनि सोही प्रकृतिको उपचार एवं बिगोको रकम किटान भै करारमा उठाएको विषयवस्तु एउटै प्रकृतिको मान्नु पर्ने हुन आयो । उक्त मिति १७ मार्च १९९७ को अंग्रेजीमा भएको सम्झौतालाई नै नेपाली भाषामा तयार गरी दुई फरक फरक मितिको करार तय भए पनि करारको विषयवस्तु एउटै भएको देखिँदा छुट्टाछुट्टै शीर्षक मानी छुट्टै उपचार दिने निकाय पनि भिन्न-भिन्न भै एउटै विषयवस्तु भएको करारको दावीमा पटक-पटक उपचार दिनुपर्छ भन्न नमिल्ने ।

वादी प्रतिवादीका बीच सम्पन्न १७ मार्च १९९७ को करारको प्रावधानबमोजिम यिनै वादी/प्रतिवादीले मध्यस्थसमक्ष उजूरी गरी मध्यस्थबाट भएको निर्णयउपर पुनरावेदन अदालत पाटनबाट मिति २०५९।३।११ मा रू.४,२६०७३।- प्रतिवादीबाट वादीलाई भराई दिने गरी भएको मध्यस्थको निर्णय सदर हुने ठहरी फैसला भएको संलग्न मिसिलबाट देखिँदा मध्यस्थमार्फत् दावीको रकमका सम्बन्धमा उपचार प्राप्त गरिसकेको यस्तो स्थितिमा सोही विषयमा दोहारो उपचार प्रदान गर्न कानून र न्यायको हिसाबले नमिल्ने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम
कम्प्युटरः सरस्वती पौडेल
इति संवत् २०६८ साल साउन १५ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** २०६३ सालको CI-००२४, करारबमोजिमको क्षतिपूर्ति रकम दिलाई भराई पाऊँ, *आर.के. शाक्य वि. सञ्जय वादे श्रेष्ठ*

पुनरावेदक वादीले यी प्रत्यर्थी प्रतिवादीलाई निजको कम्पनीमा नै काम गरिरहन सक्ने गरी आश्वस्त गर्न सकेको अवस्था समेत नभएको स्थितिमा काम नै नभएको वा पर्याप्त नभएकोमा वादी लुम्बिनी एयरवेज प्रा.लि. को जहाज चालकको हैशियतले अवस्था परिवर्तन हुनु पूर्व कायम रहेको स्थितिलाई आधार बनाई सम्झौताबमोजिमको दायित्व पूरा गर्न बाध्य गर्न नमिल्ने ।

प्रतिवादीबाट वादी रोजगारदाता कम्पनीसँग विमान चालकसम्बन्धी पर्याप्त सेवा हुँदाहुँदै करारबमोजिमको सम्झौता गर्दाको अवस्था विद्यमान भएको जस्तो स्थितिमा राजीनामा दिएको नभै वादीको जहाजहरूमा भएको कमीका कारण आफूले पर्याप्त सेवा प्रवाह गर्न सक्ने स्थिति नभएको अवस्थामा राजीनामा दिएको र दावी गरिएको रकम प्रतिवादीको वृत्ति विकाससँग सम्बन्धित क्षेत्रमा खर्च भएको देखिँदा वादीले दावी गरेजस्तो रकम प्रतिवादीबाट वादीलाई भराउन नमिल्ने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम
कम्प्युटरः सरस्वती पौडेल
इति संवत् २०६८ साल साउन १५ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** २०६३ सालको CI-०१०१, कम्पनी ऐन, २०५३ को दफा १२८ र १२९ बमोजिम कारवाही गरिपाऊँ, *मदनप्रसाद लम्साल वि. रेप्सोना पब्लिकेशन्स प्रा.लि. का.म.न.पा. वडा नं. १ कमलादी, काठमाडौं*

प्रत्यर्थी कम्पनी प्राइभेट कम्पनी भएकोले यसको प्रवन्ध पत्र वा नियमावलीमा वा प्रत्यर्थी कम्पनीसँग भएको कुनै सम्झौतामा आरोपित सञ्चालकले कम्पनीसँग प्रतिष्पर्धा हुने वा कम्पनीको कारोवारको प्रकृतिसँग मिल्दोजुल्दो अर्को पेशा वा व्यवसाय कम्पनी ऐन, २०५३ को दफा ७६(२) तथा ८० मा गरिएको व्यवस्था पुनरावेदकले उल्लंघन गरेको भन्न नसकिने ।

कुनै कम्पनीको सञ्चालकले यसको उद्देश्यसँग मेल खाने वा यसको कामको प्रकृतिसँग मिल्ने गरी छुट्टै वा व्यक्तिगत तवरमा कुनै काम गर्दा वा वस्तु उत्पादन गर्दा कम्पनीलाई केही मर्का पर्ने वा

प्रतिष्पर्धामा आउन पर्ने वा केही रकम नोक्सान सहनु पर्ने अवस्था हुन सक्छ तर यस्तो प्रतिष्पर्धा, मर्का वा नोक्सान भयो, हुन सक्छ भन्ने अनुमानको आधारमा कुनै सञ्चालकले कम्पनीमार्फत् आफूलाई व्यक्तिगत फाइदा हुने काम गऱ्यो भन्न नहुने ।

प्राइभेट कम्पनीको सञ्चालक भएकै कारणले पेशा तथा व्यवसाय गर्ने स्वतन्त्रता सम्बन्धमा संविधानअन्तर्गत प्राप्त मौलिक हकबाट पुनरवेदकलाई बञ्चित गर्न नसकिने, प्राइभेट कम्पनीको कुनै सञ्चालकले यस्तो कम्पनीको व्यवसाय वा उद्देश्यसँग मिल्दोजुल्दो व्यवसाय गर्न नपाउने गरी कम्पनी ऐन लगायत अन्य प्रचलित कानून तथा स्वयं प्रत्यर्थी कम्पनीको प्रवन्धपत्र तथा नियमावलीमा समेत कुनै प्रतिवन्ध नलगाएको अवस्थामा पुनरावेदकले छुट्टै पत्रिका दर्ता गराई प्रचलित कानूनअनुसार उक्त पत्रिकाको ट्रेडमार्क समेत दर्ता गराएको भन्ने मात्र आधारमा कम्पनी ऐन, २०५३ को दफा ७६(२) तथा ८० अनुसारको कसूर गरेको ठहऱ्याउन नमिल्ने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६८ साल साउन १५ गते रोज १ शुभम् ।

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** २०६३ सालको CI-०१०२, ट्रेडमार्क, *मदनप्रसाद रिमाल वि. रेप्सोना पब्लिकेशन्स प्रा.लि.*

छापाखाना तथा प्रकाशन ऐन, २०४८ अनुसार दर्ता भएका दुई पत्रिका प्रकाशकहरू बीच पत्रिकाका प्रयोग हुने ट्रेडमार्क प्रयोगका विषयमा विवाद परी सोको प्रयोग कसले गर्न पाउने भन्ने विषयमा उत्पन्न विवादमा पत्रिकाको दर्ता तथा स्वामित्व हस्तान्तरण जस्ता विषयका सम्बन्धमा मात्र लागू हुने कानून छापाखाना तथा प्रकाशनसम्बन्धी ऐन, २०४८ दफा ७(२) तथा ७(४) को व्यवस्थालाई आधार मानी पेटेण्ट डिजायन र ट्रेडमार्क ऐन, २०२२ अनुसार अधिकारप्राप्त निकाय उद्योग विभागको मिति २०६०।१०।१९ को निर्णयअनुसार प्रत्यर्थी रेप्सोना पब्लिकेशन्स प्रा.लि.ले समेत प्रकाशन गर्ने Business Age पत्रिकाको डिजायन परिवर्तन गर्नुपर्ने भनी मिति २०६१।१०।४ मा भएको फैसला पेटेण्ट डिजायन र ट्रेडमार्क ऐन, २०२२ को दफा १६, १८ख समेतको विपरीत भई त्रुटिपूर्ण देखिएकोले सो हदसम्म उल्टी हुने ।

ट्रेडमार्कको प्रयोगको अधिकार कसमा रहने भन्ने विषयमा पक्षहरू बीच विवाद परी विवाद निरोपण गर्न अधिकारप्राप्त निकायको विचाराधीन रहेको समयमा प्रत्यर्थी रेप्सोना पब्लिकेशन्स प्रा.लि.ले Business Age पत्रिकाको Vol. 1, No.1 प्रकाशन गरेको भन्ने आधारमा निजलाई उक्त ऐनको दफा १९ अनुसार जरीवाना गर्नु र दफा २५ अनुसार हर्जाना क्षतिपूर्ति भराउने कार्य उक्त दुबै दफामा गरिएको कानूनी व्यवस्थाको उद्देश्य र मर्मको विपरीत हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६८ साल साउन १५ गते रोज १ शुभम् ।

५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.प्रा.डा. श्री भरतबहादुर कार्की,** २०६६-WO-०६२१, परमादेश, *भवानी कार्की समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय समेत*

कुनै व्यक्ति दलितको वर्गभित्र परी परम्परागत भेदभावको शिकार परेको रहेछ भने सो उन्मूलन गर्ने कुनै पनि कार्यक्रमको फाइदा लिनलाई सो वर्गको सदस्यता कम्तीमा तत्कालको लागि स्वीकार्न पर्ने वाध्यता रहन्छ । परम्परागत रूपमा भेदभाव गरिएको हुनु तथ्यगत प्रश्न हो, मनोगत होइन । त्यसैले आफ्नो आत्मसम्मानको लागि त्यस व्यक्तिले न्यायको वा अवसरहरूको खोजी गर्ने सिलसिलामा प्रयुक्त हुने शब्दहरू स्वयंलाई अपमानजनक भनी बहिष्कार गर्ने हो भने अन्ततः त्यस्तो व्यक्तिले न्याय र विकासको द्वारहरूबाट हात धुनु पर्ने अवस्था आउँछ । बरू सबैले बुझ्ने कुरा के हो भने दलित भनेको ऐतिहासिक आधारमा भेदभाव र बञ्चितिकरणबाट पीडित वर्ग हो, जोसँग सबै अर्थमा आत्मसम्मानको साथ जीउने अधिकार छ । त्यही गौरवको अनुभूतिको साथमा आफ्नो न्यायपूर्ण मागको हकलाई प्रशस्त गर्न अभिप्रेरित गर्नुपर्ने ।

निवेदकहरूले बन्द गर्न माग गरेका विद्यालयहरूमा दलित बाहेकका अन्य समुदायका विद्यार्थीहरू पनि अध्ययन गर्ने गरेको देखिएकोले

सामाजिक घुलमिलको अवस्था रहेको, दलित बस्तीमा विशेष गरेर दलित बालबालिकाका लागि शिक्षामा पहुँच पुऱ्याउने असल नियतले सोही समुदायका मानिसहरूले आवश्यकता बोध गरी विद्यालयहरू सञ्चालनमा रहेको हुँदा दलित विरोधी वा दलितका अहितमा खडा भएको भन्ने नदेखिनुका साथै ती विद्यालय र सोका सञ्चालकहरूलाई निवेदकहरूले विपक्षी बनाउन नसकेको अवस्थामा बिना अध्ययन, अनुसन्धान एवं निष्कर्षबेगर गोश्वारा रूपमा हचुवा तर्क गरी पूर्वाग्रही किसिमको निर्णयमा पुग्न नमिल्ने ।

इजलास अधिकृतः पुष्पराज थपलिया
कम्प्युटरः निर्मला भट्ट
इति संवत् २०६८ साल भदौ २८ गते रोज ४ शुभम् ।

## इजलास नं. ५

१

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री सुशीला कार्की,** फौजदारी पुनरावेदन नं. २०६४-CR-०१६६, सरकारी छाप दस्तखत कीर्ते, *नेपाल सरकार वि. ईश्वरीप्रसाद लामिछाने*

अभियोजन पक्षले यी प्रतिवादीले कीर्ते गरेको भनी दावी लिएको लिखत मूल सक्कल सम्झौताको लिखत भन्ने नै नदेखिएको र विवादित लिखत सक्कल सम्झौताबमोजिमको फोटोकपी भन्ने समेत देखिन आउँदैन । विवादित लिखत (फोटोकपी) पेश गर्ने उजूरकर्ताले आफूले पेश गरेको उजूरीअनुरूप प्रतिवादीले कीर्ते गरेको र सोबमोजिम रकम असूल गरेको भनी अदालतमा उपस्थित भै बकपत्र गरेको समेत देखिँदैन । कीर्ते भनिएको फोटोकपीमा अंकित दस्तखतको वास्तविकता पहिचान हुन नसकेको र बेप्रमाणित उक्त फोटोकपी मूल सम्झौताको फोटोकपी समेत नभएको हुँदा कानूनी अस्तित्वविहीन फोटोकपी लिखतलाई आधार मानी दावी लिनु नै सरकारी छाप कीर्ते गरेको भन्नु पर्याप्त नहुँने ।

इजलास अधिकृतः दीपककुमार दाहाल
कम्प्युटरः प्रेमबहादुर थापा
इति संवत् २०६८ साल जेठ ३१ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६४-CI-०१२९, हकसफा, *देवनारायण तिवारी समेत वि. दिनेश्वर मिश्र ब्राह्मण*

दावीको जग्गा निखन्न पाउने नपाउने भन्ने सन्दर्भमा मुलुकी ऐन, लेनदेन व्यवहारको १२ नं. मा भएको व्यवस्था हेर्दा "सन्धिसर्पन पर्ने हकवाला नभए वा भए पनि निजले ननिखनेमा यसै महलको ११ नं. को म्यादभित्र निखन्न पाऊँ भनी सो जग्गाको मोहीले उजूर गरे निखन्न पाउँछ" भन्ने उल्लेख भएको छ । सो कानूनी प्रावधानअनुसार जग्गाको मोही प्रत्यर्थी वादीले जग्गा निखनी पाऊँ भनी फिराद दायर गरेको अवस्था देखिँदा करारनामा लिखतको आधारमा पारीत भएको लिखतको हकमा वादीले जग्गा निखनाई पाउने कानूनी व्यवस्था नभएको भन्ने पुनरावेदन जिकीरसँग सहमत हुन सकिएन । कानूनले यी वादीलाई निखन्न पाउने गरी दिएको अधिकारलाई अप्रत्यक्षरूपमा करारनामाको लिखत गरी कुण्ठित वा समाप्त पार्न नसकिने ।

इजलास अधिकृतः हरिश्चन्द्र इङ्नाम
कम्प्युटरः प्रेमबहादुर थापा
इति संवत् २०६८ साल जेठ २६ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६४ सालको रिट नं. WO-०३५३, उत्प्रेषणयुक्त परमादेश समेत, *बविन्द्रलाल माझी समेत वि. स्थानीय विकास मन्त्रालय समेत*

स्थानीय विकास मन्त्रालयको मिति २०६४।५।३ को परिपत्रमा स्थानीय विकास कोषका कर्मचारीहरूको स्थायित्व गर्ने सम्बन्धमा स्थानीय स्वायत्त शासन ऐन, २०५५ र स्थानीय स्वायत्त शासन नियमावली, २०५६ बमोजिम कोषको आन्तरिकीकरण भएकाको हकमा संशोधित नियम २१३क मा भएको पदपूर्तिसम्बन्धी व्यवस्था लागू हुने भनी उल्लेख भएको सो कानूनी व्यवस्थाबमोजिम आन्तरिकीकरणको प्रक्रिया पूरा गरी सकेको भनी निवेदकहरूले दावी गरेको पाइँदैन । यसरी निवेदकहरूले सो पत्रबमोजिम आन्तरिकीकरण प्रक्रिया पूरा गरी जिल्ला विकास समितिको नियमित कर्मचारी भई नसकेको अवस्थामा कोषतर्फको

सचिवालयमा आवश्यक पर्ने कर्मचारीको दरबन्दी स्वीकृत गर्दा तत्सम्बन्धमा व्यवस्था गर्न अपुग हुने बजेटका सम्बन्धमा स्थानीय विकास मन्त्रालयले निर्धारण गरेबमोजिम हुने भनी जिल्ला परिषद्को सातौं बैठकले निर्णय गरेको परिप्रेक्ष्यमा आन्तरिकीकरणको प्रक्रिया पूरा गर्नुपर्ने भनी सेवा सञ्चालन गर्ने सम्बन्धित मन्त्रालयले नीतिगत निर्णयसम्म गरेको कुरा यी निवेदकहरूलाई स्थायी गर्ने कानूनी आधारको रूपमा ग्रहण गर्न नसकिने ।

इजलास अधिकृतः चुरामन खड्का

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६८ साल असार २१ गते रोज ३ शुभम् ।

४

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६७-CI-१४११, मोही नामसारी, *ठग वैरागी भन्ने मनोहर दास वैरागी वि. लखरजिया देवी कुर्मिन*

विधिवत रुपमा जोती कमाई आएको जग्गामा मोहीको मृत्यु पछि निजको हक खाने श्रीमती समेतको मृत्युपश्चात् मोहीको एकासगोलका भाई रामनाथ कुर्मीले मोही नामसारीको लागि निवेदन दिएको अवस्थामा निज रामनाथका नाममा मोही नामसारी हुने कानूनी व्यवस्थाअनुसार मोही नामसारी गरी दिनुपर्नेमा सो नगरी वादी दावी पुग्न नसक्ने ठहराई शुरु भूमिसुधार कार्यालयबाट भएको निर्णय कानूनसम्मत नदेखिने ।

मुद्दा चल्दाचल्दै वादी रामनाथको पनि मृत्यु भइसकेर निजकी पत्नी लखरजियादेवी कुर्मीले मुद्दा सकार गरी पुनरावेदन अदालत हेटौडामा पुनरावेदन गरेको अवस्था हुँदा वादी रामनाथ कुर्मीको हक खाने निजकी श्रीमती प्रत्यर्थी लखरजीयादेवी कुर्मीनले कि.नं. १२० ज.वि. १-५-० जग्गाको मोही नामसारी गराउन पाउने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६८ साल कात्तिक ४ गते रोज ६ शुभम् ।

५

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६७ सालको दे.पु.नं. CI-०४९७, दूषित निर्णय दर्ता बदर, *भागमनीदेवी अहिरनी वि. पर्यटन कार्यालय, वीरगञ्ज पर्सा*

केवल २०४६ सालमा आफ्ना नाउँमा नापजाँच भएकै आधारमा मात्र वादीको दाताबाट प्राप्त गरी वादीले आफ्नो हक रहेको भनी जिकीर लिएको देखिँदा जग्गा नापजाँच आफ्नो नाउँमा गर्दैमा हक कायम भैसकेको भन्ने स्थिति भएन । जग्गाको हकको साविक स्रोत र प्रमाण आवश्यक हुने ।

इजलास अधिकृतः हरिहर पौडेल

कम्प्युटरः भवानी ढुंगाना

इति संवत् २०६८ साल जेठ १ गते रोज १ शुभम् ।

६

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६७ सालको दे.पु.नं. CI-०५३२, टिप्पणी आदेश बदर, *परशुराम राउत वि. पर्यटन कार्यालय वीरगञ्ज पर्सा समेत*

मिति २०६३।९।१० को टिप्पणी आदेशमा विवादको जग्गा पर्यटन विभाग पर्यटन सूचना केन्द्र वीरगञ्जको नाउँमा दर्ता रहेको भन्ने देखिन्छ । साथै विवादको जग्गाको प्रतिवादीको नाउँमा भएको दूषित दर्तालाई बदर गरिपाऊँ भनी यिनै वादीले यिनै प्रतिवादीउपर दिएको दूषित दर्ता बदर मुद्दामा शुरू फैसला उल्टी गरी वादी दावी पुग्न नसक्ने ठहर गरी पुनरावेदन अदालत हेटौंडाबाट फैसला भइसकेको छ । प्रस्तुत मुद्दामा वादीले दावी लिएको जग्गाका सम्बन्धमा उक्त फैसलामा उल्लिखित आधार प्रमाणहरूबाट समेत नापी गोश्वाराको मिति २०६३।९।१० को टिप्पणी आदेश र फिल्डबुकमा जग्गाधनी महलमा उल्लिखित प्रतिवादीको नाम यथावत् नै रहने ।

इजलास अधिकृतः हरिहर पौडेल

कम्प्युटरः भवानी ढुंगाना

इति संवत् २०६८ साल जेठ १ गते रोज १ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- २०६७ सालको दे.पु.नं. CI-०५३०, लिखत दर्ता बदर, *भागमनीदेवी अहिर समेत वि. पर्यटन कार्यालय वीरगञ्ज पर्सा समेत*
- २०६७ सालको दे.पु.नं. CI-०५३१, टिप्पणी आदेश बदर, *भागमनीदेवी अहिर वि. पर्यटन कार्यालय वीरगञ्ज पर्सा समेत*

- २०६७ सालको दे.पु.नं. CI-०५३३, दूषित निर्णय दर्ता बदर, *परशुराम राउत वि. पर्यटन कार्यालय वीरगञ्ज पर्सा समेत*

७

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६७ सालको फौ.पु.नं. CR-०४१३, जालसाजी, *भागमनीदेवी अहिरनी समेत वि. पर्यटन कार्यालय, वीरगञ्ज पर्सा समेत*

मिति २०३४।११।१३ मा प्रतिवादी पर्यटन कार्यालयका नाउँमा पारीत भएको लिखतलाई वादीले २९ वर्षपछि २०६३।१२।१६ मा आएर प्रस्तुत कीर्ते जालसाजीमा फिराद दिएको देखिन्छ। मुलुकी ऐन, कीर्ते कागजको १८ नं. मा साविकमा भएको कानूनी व्यवस्था हेर्दा काम भए, गरेको मितिले दुई (२) वर्षभित्र नालिस नदिए लाग्न नसक्ने भन्ने व्यवस्था रहेको पाइन्छ। प्रस्तुत मुद्दाको सन्दर्भमा फिराद दायर हुँदा प्रचलित कीर्ते कागजको १८ नं. ले साविकमा निर्धारण गरेको हदम्याद दुई (२) वर्षभित्रै फिराद दायर भएको छैन। पछि भएको संशोधित व्यवस्था प्रस्तुत मुद्दाका सन्दर्भमा आकर्षित हुन नसक्ने हुँदा प्रस्तुत फिराद दिएको ऐनको हदम्यादभित्र परेको देखिएको र हदम्याद फिरादबाट ठहर इन्साफ गर्न नमिल्ने।

इजलास अधिकृतः हरिहर पौडेल

कम्प्युटरः भवानी ढुंगाना

इति संवत् २०६८ साल जेठ १ गते रोज १ शुभम्।

८

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६७ सालको रिट निवेदन नं. WO-०९११, उत्प्रेषण परमादेश समेत, *ईश्वर अधिकारी वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

समय नाघी प्राप्त भएको यी निवेदक संस्थाले पेश गरेको प्रस्ताव (RFP) नखोली सम्बन्धित Recovering Nepal लाई नै फिर्ता दिई मुचुल्का बनाई प्रमाणित गरेको भन्ने विपक्षी कार्यालयबाट प्राप्त टिप्पणी फाइलबाट देखिन आउँछ। साथै रीतपूर्वक प्राप्त भएको अन्य १७ थान प्रस्तावहरू सोही मिति २०६७।११।२५ गते नै खोली सकिएको भन्ने फाइल संलग्न मुचुल्काबाट देखिन आएकोले यी निवेदकले फिर्ता लिइसकेको प्रस्तावलाई सो बोलपत्र प्रक्रियामा संलग्न गराउन सकिने अवस्था नरहने।

संविधान र कानूनद्वारा प्रदत्त हक भनी प्रचलनका लागि यस अदालतको असाधारण अधिकारक्षेत्रभित्र प्रवेश गर्नेले स्वच्छ हात र शुद्ध नियतले अदालतभित्र प्रवेश गर्नुपर्ने हुन्छ। आफू स्वच्छ भएको र विपक्षी जति पूर्वाग्रहित र दूषित भावनाले ग्रस्त भएको भनी देखाउन खोज्नेले सर्वप्रथम आफू पनि स्वच्छ भएको देखिनु पर्छ। यी रिट निवेदक RFP दर्ता गराउने अन्तिम व्यक्ति भएको तथा यी निवेदकको प्रस्ताव पूर्व सूचित समय सीमा नाघी दर्ता गराएकोले फिर्ता गरिएको भनी सहीछाप समेत गरी मुचुल्का तयार भएको अवस्थामा निवेदकले ३ बजेभित्रै आफ्नो RFP दर्ता गराएको भनी लिइएको भनाई झूठा देखिँने।

इजलास अधिकृतः चुरामन खड्का

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६८ साल असार २० गते रोज २ शुभम्।

९

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६७-CR-००५, ००७६, लागू औषध, *प्रवीण सुवेदी वि. नेपाल सरकार, रोनित थापा वि. नेपाल सरकार*

परिमाणको हिसावले १९ ग्रामको मात्रालाई अत्यन्त थोरै मान्न सकिँदैन। लागू पदार्थ सेवन गर्नु आफैमा कसूरजन्य कार्य हो। त्यसमा पनि सेवन गर्नको लागि भनेर जतिसुकै मात्रामा लागू औषध खरीद गरी राख्न मिल्दैन। लागू पदार्थ सेवन गर्नुमा कम सजाय छ भनी आफूले चाहेअनुसारको परिमाणमा घातक र प्रतिवन्धित लागू पदार्थ खरीद गर्ने र सञ्चय गर्ने कार्यलाई पनि सेवन गर्ने हलुका सजाय हुने कसूरको श्रेणीभित्र परेको भनी जिकीर गर्न नमिल्ने।

प्रतिवादी प्रवीण सुवेदीले आफ्नो बुबाको नामको ना११ प ७९५१ को मोटरसाइकल आफूले चलाई रोनित थापासँगै गई लागू औषध खरीद गरी प्रवीण सुवेदीले चलाउने र रोनित थापा पछाडि बसी आउँदा प्रहरीबाट प्रक्राउ परेपछि लागू औषध सेवन गर्ने कुरालाई स्वीकार गरेको अवस्थामा ऐनको दफा ४ ले निषेध गरिएका लागू औषध खरीद गरिएको र ओसार पसार गरेको कार्यलाई अन्यथा भन्न नसकिने।

कसूर गर्दाको अवस्थामा रोनित थापाको उमेर १६ वर्ष नपुगेको तर १४ देखि १६ वर्षबीच रहेको देखिँदा निजलाई उमेर पुगेको प्रतिवादी सरह सजाय हुने नभै बालबालिका सम्वन्धी ऐन, २०४८ को दफा ११(३) अनुसार आधा सजाय हुने हुँदा निजहरू दुवै प्रतिवादीहरूलाई निजहरूले गरेको कसूरका लागि ऐनले निर्धारित गरेको कैद सजाय ५ वर्षदेखि १० वर्षको न्यूनतम अवधि अर्थात् प्रवीण सुवेदीलाई ५ वर्ष र रोनित थापालाई २ वर्ष ६ महिना कैद भएकोले निजहरूले गरेको कसूरको अनुपातमा नै सजाय भएको कार्यलाई न्यायिक दृष्टिकोणबाट अत्यधिक नदेखिँने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः सुदिप पन्नानी

इति संवत् २०६८ साल कात्तिक २ गते रोज ४ शुभम् ।

१०

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६७-CR-०२२७, कर्तव्य ज्यान, *प्रेमबहादुर रावत वि. नेपाल सरकार*

मृतकलाई मार्ने नियत वा स्पष्ट मनसाय नरहेको भन्ने अवस्था रहे पनि आफूले ताकेको गोली मृतकलाई लागिसकेपछि तत्काल भएको परिणामबाट सिर्जित परिस्थितिमा आफूले बच्ने प्रयास मात्र गुर्नलाई अस्वाभाविक भन्न नमिल्ने ।

आपराधिक दायित्वबाट उन्मुक्ति पाउने मार्ग अवलम्बन गर्दै लाशलाई अन्यत्र लगेको समेत अवस्था छ । तथापि स्पष्ट रुपमा मार्ने मनसायले बन्दुक फायर गरेको भन्ने मिसिलबाट नदेखिएको तथा घटनाको समष्टिगत परिस्थितिको अध्ययन विश्लेषण गरी हेर्दा यी प्रतिवादीले नियतबश योजनावद्ध ढंगले कृष्णबहादुर बुढाको हत्या गरेको देखिँन आउँदैन । यस्तो अवस्थामा भवितव्यको आशंका समेत विद्यमान रहेको स्थिति विचार गर्दा प्रतिवादीलाई कानूनअनुरुपको सजाय गर्दा चर्को पर्न जाने र कसूरको अनुपातमा समानुपातिक नहुने अवस्था देखिएकाले अ.वं. १८८ नं. बमोजिम प्रतिवादी प्रेमबहादुर रावतलाई १० (दश) वर्ष मात्र कैद हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६८ साल कात्तिक २ गते रोज ४ शुभम् ।

११

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६५-CR-०२४९, जीउमास्ने बेच्ने, *नेपाल सरकार वि.कृष्ण नेपाली*

पीडित छरिमाया तामाङ र मनमाया तामाङलाई वेचविखन गर्ने उद्देश्यले विदेश भारतस्थित दिल्लीमा प्रतिवादीलगायतले अन्य कुनै जायज वा कानूनसम्मत उद्देश्यका साथ लगेको भन्ने देखिँदैन । यसरी पीडित युवतीहरूलाई तिनीहरूको घर परिवारका सदस्य वा संरक्षकबेगर दिल्ली लग्नु र त्यहीँ छाडेर आउनुबाट यी प्रतिवादी गलत उद्देश्य स्वतः स्पष्ट छ । प्रतिवादीको सो कार्यले नै निजको गैरकानूनी उद्देश्य स्पष्ट गर्दछ । बिक्री गर्ने उद्देश्य प्रमाणित गर्ने थप प्रमाणको आवश्यकता यहाँ देखिएको छैन । उपलब्ध तथ्य र घटनाक्रमको विवेचना गर्दा यी प्रतिवादी कृष्ण नेपालीले जीउ मास्ने वेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ४(ख) को कसूर गरेको प्रमाणित हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६८ साल कात्तिक २ गते रोज ४ शुभम् ।

१२

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६७-CR-०१४८, कर्तव्य ज्यान, *देउमान मुखिया सुनुवार वि.नेपाल सरकार*

वारदातस्थलमा लठ्ठी रहेको कुरा प्रतिवादीले स्वीकार गरेको एवं चिरपट दाउरा र बाँसको लाठी वरामद भएको अवस्थामा मादक पदार्थ सेवन गरी मृतक आफै लडी शरीरको विभिन्न भागमा घाउ चोट भएको कारण मृतकको मृत्यु भएको हो भन्ने वयान र पुनरावेदन जिकीरलाई पत्यारलायक मान्न नसकिने ।

मृतक र प्रतिवादीबीच मृतकलाई मार्नेसम्मको कुनै पुरानो रिसइवी नदेखिए तापनि आफ्नै श्रीमती जीवनसंगिनीलाई निर्ममतापूर्वक लाठी र चिरपट दाउराले हिकाई हिर्काइ मार्नेलाई ५-७ वर्ष कैद गरी छोड्ने अ.वं. १८८ न. को मनसाय होइन । प्रतिवादीले आफ्नै श्रीमतीलाई विना गम्भीर कारण क्रूरतापूर्वक कुटपीट गरेको तथ्य पुष्टि भइसकेको कार्य रक्सी वा

मादक पदार्थ खाएको नसामा गरेकोले सजाय छूट पाउने भन्ने पनि अ.वं. १८८ नं.को उद्देश्य होइन। यसरी मादक पदार्थ नखाई कसैले कसैको हत्या गरेमा बढी सजाय र मादक पदार्थ खाई कसैको हत्या गरेमा कम सजाय गर्नु स्वयंमा फौजदारी न्यायको सिद्धान्तविपरीतको कुरा हो। यस्तो न्यायिक कारवाहीबाट कसूरदारको मानसिकतामा कसूर नगर्ने भन्दा कसूर गर्ने प्रवृत्तिको विकास हुदै जाने।

एक मात्र कारण अर्थात् पूर्व रिसइवी नदेखिएको भन्ने आधारमा आफूले कसूरदार ठहराएको अपराधीलाई अ.वं. १८८ नं. लगाएर अत्यन्त न्यून हदसम्म सजायको छूट गर्दै जाने विकेकहीन ढंगले वा आत्मपरक अधिकार ऐनले प्रदान गरेको सम्झन नमिल्ने हुँदा प्रतिवादीलाई कानूनबमोजिम ज्यान सम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैद हुने।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः सुदिप पज्ञानी

इति संवत् २०६८ साल कात्तिक २ गते रोज ४ शुभम्।

१३

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६७-CR-०७८८, कर्तव्य ज्यान, *जगबहादुर लिम्बू वि.नेपाल सरकार*

धारिलो र घातक हतियारबाट प्रहार गर्दा मृतकको मृत्यु हुन सक्छ भन्ने अनुमान प्रतिवादीलाई नहुने भन्न सकिने आधार नभएको अवस्थामा मृतकलाई मार्नमा प्रतिवादीको मनसाय नभै तत्काल उठेको रिसबाट मात्र मृतकले प्रहार गरेको खुकुरीबाट बच्न आत्मरक्षाका लागि छुरीले लाग्न गएको भन्ने जिकीर पत्यारलायक नदेखिँने।

आफूले कसूर गरेको भनी पूर्ण रुपले सावित रहेको वा अनुसन्धान वा न्यायिक प्रक्रियालाई सघाएको भन्ने नदेखिको, आत्मरक्षाको लागि प्रहार गर्दा छुरी लाग्न गएको भन्नेसम्म प्रतिवादीले वयान गरेको हो निजको भनाई अनुसार निजले छुरी प्रहार गरेको नभई अनायास छुरी लाग्न गई मृत्यु भएको भन्ने देखिएको छ। जुन अस्वाभाविक र अपत्यारिलो कुरा हो। अर्कोतर्फ अम्बरबहादुरलाई छुरी प्रहार गरी प्रतिवादी वारदातस्थलबाट भागी गएको र पछि पक्राउ भएको देखिन्छ। प्रतिवादीको उमेर, निजले अदालतमा वयान गर्दा ३२ वर्ष लेखाएको देखिन्छ। यसरी पाको उमेरका यी प्रतिवादीले अत्यन्त जोखिमी हतियारले मुटुको भाग जस्तो शरीरको अत्यन्त संवेदनशील भागमा गरेको प्रहारबाट अम्बरबहादुरको मृत्यु भएको देखिँदा अ.वं. १८८ नं. अनुसार प्रतिवादीलाई कानूनबमोजिम हुने सजायमा कमी गर्नुपर्ने अवस्था नहुँदा ज्यानसम्बन्धी महलको १ नं.र १३(१) नं. को कसूर गरेकोले निजलाई ऐ.को १३(१) नं. बमोजिमको सर्वश्वसहित जन्मकैद हुने।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः सुदीप पज्ञानी

इति संवत् २०६८ साल कात्तिक २ गते रोज ४ शुभम्।

१४

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६७-CR-०७८६, कर्तव्य ज्यान, *केशरमान राई वि.नेपाल सरकार*

खुकुरीले प्रहार गरेको र प्रहार गरिएको व्यक्ति भूईंमा ढलिसकेपछि पुनः पटक पटक प्रहार गरी वारदातस्थलमा मृतकलाई मर्ने गरी एक्लै छोडी आफू घरतिर गएको भन्ने प्रतिवादी स्वयंको स्वीकारोक्तिबाट मृतक लोकबहादुरको ज्यान लिने नियतका साथ कर्तव्य गरी मारेको तथ्य प्रमाणबाट पुष्टि भैरहेको देखिँदा प्रतिवादीलाई ज्यानसम्बन्धी महलको १३(१) नं. अनुसार सर्वश्वसहित जन्मकैद हुने।

कलिलो उमेरको किशोरले दूरदर्शिता अपनाउन नसक्ने र आफूले गरेको कार्यको दूरगामी परिमाणको निश्चय नै पूर्णरुपले अनुमान र आंकलन गर्न सक्दैन। यस्तो उमेर अवस्थामा मानिसलाई एउटा परिपक्व उमेरको अपराधीसरह सजाय गर्दा न्यायको उद्देश्य पूरा हुँदैन। निज केशरमान राईलाई कानूनबमोजिमको सजाय निर्धारण गर्दा निश्चय नै चर्को पर्न जाने देखिएबाट १८८ नं. बमोजिम प्रतिवादीलाई १० वर्ष कैद सजाय हुने।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६८ साल कात्तिक २ गते रोज ४ शुभम्।

१५

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६६-CR-०५०२, कर्तव्य ज्यान, *गंगाबहादुर थापा वि.नेपाल सरकार*

वारदातमा समयावधिको हिसाव गर्दा वारदात भएको मिति वा रामचन्द्र प्रसाईको मृत्यु भएको मितिमध्ये एक दिन बाहेक गरी हिसाव गर्नुपर्नेमा सोअनुसार हिसाव गर्दा वारदात भएको ठीक २१ औं दिन मृत्यु भएको देखिन्छ । मिति २०६४।४।२१ को १९.०० वजे वारदात भएको र मृतकको मृत्यु मिति २०६४।५।१० को दिउँसो भएको भन्ने आधारमा हेर्दा पनि ज्यानसम्बन्धी महलको ९ नं. को अवस्था अर्थात् २१ दिनभित्रमा नै रामचन्द्र प्रसाईको मृत्यु भएको अवस्थामा पुनरावेदकले जिकीर लिए जस्तो ऐनले निर्धारित गरेको समयावधि नाघी मृत्यु भएको देखिँन नआउने ।

वारदातमा पहिलादेखि मार्नुपर्नेसम्मको रिसइवी र मार्ने योजनाको अभाव छ भनी दुई घरका परिवारबीच सामान्य कुरामा झगडा र वादविवाद भएको घटनाले गम्भीर रुप लिन पुगी सोही अवस्थामा तत्काल उठेको रिसको झोकमा गंगाबहादुर थापाले बाँसको लाठीले प्रहार गरी घाइते बनाएको र उपचारका क्रममा घाइते रामचन्द्र प्रसाईको ऐनको म्यादभित्र ज्यान मर्न गएको देखिन्छ । यस्तो परिस्थितिको घटना ज्यानसम्बन्धीको १४ नं. को परिधिभित्र नपर्ने भन्ने देखिँदैन । अपितु यस्तो र यस्तै घटनाको लागि उक्त १४ नं. को कानूनी व्यवस्था रहेको भन्ने देखिन आउने हुनाले प्रस्तुत वारदातमा पनि ज्यान सम्बन्धी महलको १४ नं. आकर्षित हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६८ साल कात्तिक २ गते रोज ४ शुभम् ।

## इजलास नं. ६

१

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** रिट नं. ०६५-WO-०३३०, उत्प्रेषणमिश्रित परमादेश, *भूपेन्द्र सिँह रायमाझी वि. रेडियो प्रसार सेवा समिति समेत*

रेडियो प्रसार विकास समिति कर्मचारी सेवा शर्त नियमावली, २०५७ को तेस्रो संशोधनबाट नियम ५७ मा भएको संशोधित व्यवस्था सबै तहको कर्मचारीको हकमा लागू भएको देखिएको र त्यसरी संशोधन हुँदा संशोधित नियमावली लागू हुनुभन्दा अगाडि सेवामा बहाल रहेका कर्मचारीको हकमा साविककै व्यवस्था लागू हुने गरी बचाउको व्यवस्था गरेको अवस्था समेत नदेखिँदा निवेदकको निवेदन जिकीरसँग सहमत हुन नसकिने ।

निवेदक बढुवा हुन चाहेको पद नवौं तहको भएकोले उक्त पदलाई नियमावलीको नियम ५७(२) ले तोकेको न्यूनतम् शैक्षिक योग्यता अर्थात् स्नातकोपाधि आवश्यक पर्नेमा निवेदकले उक्त नियमावलीबमोजिम निर्धारण गरेको शैक्षिक योग्यता पेश गरेको देखिएन । उक्त नियमावलीमा तोकिएको न्यूनतम् शैक्षिक यौग्यता नभए पनि सातौं तहसम्म एक तह बढुवा गर्न बाधा नपर्ने भए तापनि निवेदक बढुवा हुन चाहेको पद नवौं तहको हुँदा उक्त पदको बढुवाको लागि नियमावलीले तोकेबमोजिमको शैक्षिक योग्यता आवश्यक पर्ने ।

निवेदकले रेडियो प्रसार सेवा विकास समिति, कर्मचारी सेवा शर्त नियमावली, २०५७ को नियम ५७(२) बमोजिमको स्नातक तहको शैक्षिक योग्यता प्राप्त गरेको नदेखिएको र सो योग्यताको आधारमा नवौं तहमा बढुवा हुन नपाउने गरी नियमावलीले नै बन्देज लगाइरहेको अवस्थामा निवेदकलाई बढुवा सिफारिश नगर्ने गरी पदपूर्ति समिति तथा सञ्चालक समितिको कामकारवाही गैरकानूनी देखिन नआउने ।

इजलास अधिकृतः कमलराज विष्ट

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६८ साल साउन ३२ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** २०६६ सालको दे.पु.नं. ०७१४, अंश, *जैबहादुर श्रेष्ठ समेत वि. रामकुमार श्रेष्ठ*

प्रतिवादी विष्णुकुमारीको नाममा राजीनामाबाट खरीद गरेको घरजग्गालाई निजी आर्जनबाट खरीद गरेको भन्ने अर्थ गरी प्रतिवादीको निजी मानी अंशियारबीच बण्डा नलाग्ने ठहर गर्नु न्यायोचित नहुने ।

फौजी नोकरीको प्रमाणपत्रबाट प्रतिवादी जैबहादुर २०१९ सालदेखि २०४७ सालसम्म भारतीय सेनामा कार्यरत् भई तत्पश्चात् निवृत्तिभरणमा आएको भन्ने देखिएको र नोकरीबाट आर्जित रकमबाट घर बनाएको भन्ने प्रतिवादीको जिकीरलाई वादीले प्रमाणबट खण्डन गर्न नसकेको कारण कि.नं. १०८ को पश्चिमतर्फको घर प्रतिवादीले निजी आर्जनबाट बनाएको भन्ने देखिँदा उक्त घरबाट वादीले अंश पाउन नसक्ने ।

इजलास अधिकृतः कमलराज विष्ट

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६८ साल साउन ३२ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री प्रकाश वस्ती,** २०६५ सालको दे.पु.नं.००५३,००५४ अंश छोडपत्र लिखत बदर, *चिरीकाजी शाक्य वि.देवमुनी शाक्य, लक्ष्मी शाक्य वि. देवमुनी शाक्य*

जुन लिखतको आधारमा दावीको जग्गा प्रतिवादीको नाममा दर्ता हुन गएको हो सो लिखत नै बदर भइसकेको देखिएकोले प्रतिवादीको नाममा दर्ता हुन गएको हकको स्रोतको मूल लिखत नै बदर भइसकेपछि प्रतिवादीको नाममा उक्त निष्क्रिय भइसकेको लिखतको नाताले भएको दर्तासमेत स्वतः बदर हुने भई प्रतिवादीको नामको दर्ता कायम रहिरहन सक्ने अवस्था नदेखिँने ।

जिल्ला, पुनरावेदन र सर्वोच्च अदालतको फैसलाबाट वादीको लिखत सदर कायम भई विवादित घरजग्गामा वादीको हक कायम भइसकेको देखिएबाट वादीको हक भएको र हक वेहकमा अदालतमा मुद्दा परी अघि नै वादीको हक स्थापित भई विवादको निरोपण भई प्रतिवादी चिरीकाजी शाक्यको हकको स्रोतको लिखत नै कायम नरहेको अवस्थामा प्रतिवादीहरू बीच अहिले आएर भएको अंश छोडपत्रको लिखतले कानूनी मान्यता पाउन नसक्ने ।

इजलास अधिकृतः कमलराज विष्ट

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६८ साल साउन ३२ गते रोज ४ शुभम् ।

४

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री तर्कराज भट्ट,** ०६७-RC-००५१, कर्तव्य ज्यान, *नेपाल सरकार वि. राजकुमार श्रेष्ठ*

वारदात एकान्तस्थल जंगलमा घटेकोले त्यस्तो ठाउँमा अन्य व्यक्तिको उपस्थिति हुन सक्ने सम्भावना नहुँदा कर्तव्य गरी मारेको देख्ने प्रत्यक्षदर्शी साक्षीको उपस्थिति नहुनु पनि स्वाभाविकै हो । त्यत्तिकै कारणले मात्र वारदातमा यी प्रतिवादीहरूको संलग्नता छैन भनी अन्य परिस्थितिजन्य प्रमाणलाई ठाडै अस्वीकार गर्न नमिल्ने ।

नाता नभए पनि मृतकको डेरा कोठामा प्रतिवादी आइरहने, कहिले कुनै ठाउँमा कहिले कुनै ठाउँमा घुमाउन लाने गरेबाट निज छोराले सम्झाउने गरेको, २०६३।४।१३ भन्दा पूर्वका दिनमा पनि यी दुबै मृतक र प्रतिवादी पक्ष सोही जंगलमा जाने, जंगलभित्र नै धेरै हराउने र बेलुका पख फर्कने गरेको ती व्यक्तिहरू एक जना यिनै प्रतिवादी र एकजना यिनै मृतक रहेकी भनी वन रक्षक भरतबहादुर राई, शान्तिराम तिवारी, लोकनाथ पोखरेल, गंगा गहतराज समेतले तथा घटना हुनु पूर्व केही दिन अगाडि यिनै प्रतिवादीको काखमा यिनै मृतक बसी गफ गरेको देखेकोले आफूलाई शरम लागी घर गएको र प्रतिवादीले जंगलमा ल्याउने यिनै मृतक महिला हुन् भनी कागज गर्नुको साथै सोही व्यहोरा समर्थन हुने गरी जाहेरवाला, मृतकका छोरा तथा धनमाया गौतम समेतले गरेको बकपत्र समेतलाई Circumstantial Fact ले समर्थन गरेकोले कल्पना भन्ने यामकुमारी सुवेदीको मृत्यु प्रतिवादी राजकुमार श्रेष्ठको कर्तव्यबाट भएको तथ्य शंकारहित तवरबाट पुष्टि हुन आउने ।

इन्कारीले मात्र कुनै अभियुक्तले आरोपित कसूरबाट फुर्सद पाउन र सजायबाट उन्मुक्ति पाउन सक्दैन । सजायबाट बच्नका लागि अदालतमा सामान्यरूपले इन्कारी बयान गर्नु एउटा कुरा हो र त्यसको पुष्ट्याईंका लागि विश्वसनीय र ठोस आधार, प्रमाण पनि पेश गर्न सक्नु अर्को कुरा हो । दुबै अवस्थालाई अदालतले गम्भीरतापूर्वक विचार गर्नुपर्ने हुन्छ । दुईमध्ये दोस्रो अवस्था बढी विश्वसनीय हुन सक्छ जसको खण्डन वादी पक्षबाट हुन नसकेमा निर्दोषिताको लागि प्रमाणको रूपमा ग्राह्य हुन सक्दछ । तर अभियोजन पक्षबाट उल्लेख प्रमाणहरूको उपस्थितिमा अभियुक्तको पहिलो अवस्थाको सामान्य

इन्कारी मात्र निजको निर्दोषिताको प्रमाण बन्न नसक्ने ।
इजलास अधिकृतः अशोककुमार बस्नेत
इजलास अधिकृतः दीपक ढकाल
कम्प्युटरः रानु पौडेल
इति संवत् २०६८ साल असार ३१ गते रोज ६ शुभम् ।

५

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री तर्कराज भट्ट,** ०६३-CI-०५७०, परमादेश, *विराटनगर जुट मिल्स लिमिटेड समेत वि. जगदीश मण्डल समेत*

श्रम ऐन, २०४८ अनुसार अधिकारप्राप्त निकाय श्रम कार्यालयले आफ्नो निर्णय कार्यान्वयनको सन्दर्भमा श्रम ऐन, २०४८ मा भएका कानूनी व्यवस्थाअनुरूप कारवाही गर्न सक्ने नै देखिएको र सो सम्बन्धमा श्रम कार्यालयको आदेशउपर श्रम अदालतसमक्ष पुनरावेदन गर्न सक्ने व्यवस्था समेत उक्त ऐनको दफा ६० समेतमा भैरहेको परिप्रेक्ष्यमा सोतर्फको स्वाभाविक कानूनी उपचारको मार्ग परित्याग गरी वैकल्पिक उपचार नभएको भन्दै परमादेशको आदेशको माग गरी निवेदकहरू पुनरावेदन अदालतसमक्ष प्रवेश गरेको अवस्था हुँदा प्रस्तुत विषयमा रिट निवेदन खारेज हुने ।
इजलास अधिकृतः हरिराज कार्की
कम्प्युटरः निर्मला अधिकारी
इति संवत् २०६८ साल बैशाख १९ गते रोज २ शुभम् ।

६

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री तर्कराज भट्ट,** ०६७-CR-०११८, ०११९, ०६७, ०१२०, सरकारी कागज कीर्ते, *अब्दुल मियाँ अन्सारी वि. नेपाल सरकार, महमत मुस्तकीम अन्सारी वि. नेपाल सरकार, रामाश्रयप्रसाद कुशवाहा वि. नेपाल सरकार*

आफूले खरीद गरिलिएको जग्गासम्बन्धी स्रेस्ता अन्य व्यक्तिहरूद्वारा कीर्ते गरिएको आधारमा मात्र उक्त जग्गा खरीद गरिलिने पुनरावेदक प्रतिवादी महमद सहिद मियाँलाई सरकारी कागज कीर्तेमा सजाय गर्न नमिल्ने ।

जाहेरी दरखास्तमा अब्दुल मियाँ अन्सारीले के कस्तो कार्य गरी सरकारी कागज कीर्ते गरेको हो सो कुरा स्पष्ट खुलाई पोल गर्न सकेको देखिँदैन भने अभियोग पत्रमा समेत निजको सरकारी कागज कीर्ते गर्ने कार्यमा यो यस किसिमको संलग्नता रहेको भन्ने व्यहोरा उल्लेख भएको देखिदैन । दावीको लिखत कीर्ते गर्ने कार्यमा यी पुनरावेदक प्रतिवादी अब्दुल मियाँ अन्सारीको संलग्नता रहेको भन्ने तथ्यलाई पुष्टि गर्ने किसिमका ठोस सबूद प्रमाण वादी पक्षले गुजार्न नसकेको अवस्थामा केवल जाहेरी दरखास्त र अभियोग पत्रमा नाम समावेश भएकै आधारमा मात्र दोषी ठहर गर्न नमिल्ने ।

प्रतिवादीहरू महमद मुस्तकीम अन्सारी, रामाश्रयप्रसाद कुशवाहा र रइसन खातुनले कसूर गरेको प्रमाणित भएकाले निजहरूलाई ठहर गरेको कैदको हकमा पुनरावेदन अदालत हेटौंडाको फैसला मिलेको हुँदा सो हदसम्म सदर हुन्छ । जरीवानाको हकमा लिखतबमोजिम जनही रू.८७४।- जरीवाना गर्नुपर्नेमा रू.१,५०,०००।- जरीवाना हुने ठहर गरेको हकमासम्म पुनारवेदन अदालतको फैसला मिलेको नदेखिँदा उक्त फैसला केही उल्टी भई प्रतिवादीहरू महमद मुस्तकीम अन्सारी, रामाश्रयप्रसाद कुशवाहालाई जनही रू.८७४।- जरीवाना हुने ।
इजलास अधिकृतः कृष्णप्रसाद पौडेल
कम्प्युटरः रानु पौडेल
इति संवत् २०६८ साल असार १९ गते रोज १ शुभम् ।
यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- २०५८ सालको दे.पु.नं. ८२०२, दर्ता बदर हक कायम, *हुसेन मियाँ अन्सारी वि. रइसन खातुन समेत*
- २०५८ सालको दे.पु.नं. ८२०३, फैसला बदर, *हुसेन मियाँ अन्सारी वि. रइसन खातुन समेत*

७

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री तर्कराज भट्ट,** २०६२ सालको फौ.पु.नं. ३०५८, ३०८८, ३१२३, ३२५३, ३३०७, ३६०३,०६६-CR-००३५, भ्रष्टाचार, *प्रदीप के.सी. वि. नेपाल सरकार, नरेशकुमार प्रधान वि. नेपाल सरकार, नेपाल सरकार वि. रामजीप्रसाद मरहट्टा, झलकमान श्रेष्ठ वि. नेपाल सरकार, सरोजप्रसाद ढुङ्गाना वि. नेपाल सरकार, गणेशबहादुर रायमाझी वि. नेपाल सरकार, अनील क्षेत्री वि. नेपाल सरकार*

बैंकिङ्ग नीति तथा कार्यविधिअनुसार कर्जा सीमा स्वीकृत भइसकेपछि सुरक्षणबापत विधिवत् मूल्याङ्कन गराई राखिएको धितो विधिवत् सो धितो पास गराएपश्चात् मात्र ओभरड्रन कर्जा सुविधाअन्तर्गत रकम भुक्तानी दिन सकिने स्थितिमा सोको विपरीत कुनै पनि प्रक्रिया अवलम्बन नगरी सीधै ओभरड्रन कर्जा भनी रकम भुक्तानी लिनुदिनु गरेको कार्यबाट बैंकलाई हानि र आफूलाई गैरकानूनी लाभ पुऱ्याउने नियतले गरिएको त्यस्तो कसूरजन्य कार्य निजहरूले गरिसकेपछि त्यस्तो रकम बुझाउँछु भनी जिकीर लिँदैमा स्थापित भइसकेको कसूरबाट छुटकारा पाउन सक्ने अवस्था नहुँदा पुनरावेदक प्रतिवादी अनील क्षेत्रीको पुनरावेदन जिकीर पुग्न नसक्ने ।

राष्ट्रिय वाणिज्य बैंक पूर्ण सरकारी स्वामित्वको बैंक रहेको र प्रतिवादीहरू अनील क्षेत्री र महेन्द्रमान सिँहले गंगा आयल स्टोर खरीद गर्ने भन्ने योजना बनाई खरीद गर्नु अगावैदेखि बैंकसँग मिलेमतो गरी कर्जा लिने नाममा योजनाबद्ध रूपमा गैरकानूनी तवरबाट रकम निकालेको तथा प्रतिवादी सरोजप्रसाद ढुङ्गाना, गणेशबहादुर रायमाझी, नरेशकुमार प्रधान, प्रदीप के.सी. र झलकमान श्रेष्ठले जानी-जानी नियतबश त्यस्तो सरकारी बैंकको रकम कर्जा दिने नाममा स्वीकृत कर्जा सीमा नभएका प्रतिवादीहरूलाई असुरक्षित तवरबाट ओभरड्रन हुने गरी पटक-पटक भुक्तानी दिने तथा बैंकमा रकम नै दाखिला नगरी वा कुनै खातामा खर्च नै नजनाई उत्तर खतिवडाले भुक्तानी पाउने गरी ड्राफ्ट बनाई दिने जस्ता गैरकानूनी कार्य गरेको एवं त्यस्तो कार्य बैंकको नीति, नियम, निर्देशन, बैंकिङ्ग प्रक्रियाविपरीत भई तत्कालीन भ्रष्टाचार निवारण ऐन, २०१७ ले परिभाषित गरेअनुसारको भ्रष्टाचारजन्य कार्य मान्नु पर्ने ।

प्रतिवादीहरू हरिप्रसाद मरहट्ठा, रामजीप्रसाद मरहट्ठा, रोजप्रसाद त्रिपाठी र एकराज त्रिपाठीले दावीबमोजिमको कसूर गरेको मिसिल संलग्न सबूद प्रमाणबाट पुष्टि हुन सक्तैन । सो ठहर्नाले तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २९(१) बमोजिम कसैको खातामा खर्च नजनाई र रकम समेत दाखिल नगराई राष्ट्रिय वाणिज्य बैंक, कलंकीका नाउँको ड्राफ्ट खिचेतर्फको बिगो रू.६,००,०००।- को दामासाहीले हुने बिगो रू.२,००,०००।- जनही प्रतिवादी सरोजप्रसाद ढुंगाना र गणेशबहादुर रायमाझीबाट राष्ट्रिय वाणिज्य बैंक, गजुरीलाई भराई निजहरूलाई उक्त ऐनको दफा २९(२) को प्रतिवन्धात्मक वाक्यांशअनुसार निजहरूबाट भराई पाउने ठहरेको बिगोबमोजिम जनही रू.२,००,०००।- जरीवाना हुन्छ । उक्त ऐनको दफा २९(१) बमोजिम खाता नं. ५२४ तर्फको बिगो रू.४३,९३,४८०।- प्रतिवादी महेन्द्र पाल सिँहबाट र खाता नं. ४०१ तथा ५४६ तर्फको बिगो रू.३१,५१,९६६।१३ प्रतिवादी अनील क्षेत्रीबाट राष्ट्रिय वाणिज्य बैक, गजुरीलाई भराई उक्त ऐनको दफा ८ तथा दफा २९(२) को प्रतिवन्धात्मक वाक्यांशअनुसार निजहरूबाट भरिपाउने ठहरेको बिगोबमोजिम प्रतिवादी महेन्द्रमान सिँहलाई रू.४३,९३,४८०।- र प्रतिवादी अनील क्षेत्रीलाई रू.३१,५१,९६६।१३ जरीवाना हुने ।

इजलास अधिकृतः अशोककुमार बस्नेत
कम्प्युटरः रानु पौडेल
इति संवत् २०६८ साल असार २८ गते रोज ३ शुभम् ।

८

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** वि.फौ.०००८, अदालतको अपहेलना, *अधिवक्ता टेकबहादुर रावल वि.दृष्टि साप्ताहिक कार्यालय समेत*

दृष्टि पत्रिकाका प्रधान सम्पादक शम्भु श्रेष्ठ, जगदम्बा प्रेसलगायतले पेश गरेको लिखित जवाफबाट अदालतप्रति अगाध आस्था भएको अदालतको अपहेलना गर्ने मनसाय नभएको, प्रकाशित सामग्रीबाट अदालतको अपमान हुन गएमा क्षमा याचना गर्न तयार छु भनी उल्लेख गरेको देखिँदा निवेदन दावीअनुसार विपक्षीहरूलाई सजाय गर्नु नपर्ने ।

इजलास अधिकृतः हरिराज कार्की
कम्प्युटरः निर्मला अधिकारी
इति संवत् २०६७ साल माघ २७ गते रोज ५ शुभम् ।

९

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६८-WH-००१०, बन्दीप्रत्यक्षीकरण समेत, *गंगाप्रसाद चुडाल वि.कारागार कार्यालय जगन्नाथदेवल काठमाडौसमेत*

म्याद तामेल गर्दा केवल औपचारिकता पूरा गर्ने किसिमले तामेल नगरी म्यादवाला व्यक्तिले उचित समयमा जानकारी पाई अभियोगको सम्बन्धमा सप्रमाण प्रतिवाद गर्न उचित अवसर पाउनुपर्ने ।

सुनुवाईको अवसर नै प्राप्त नगरेको कारणबाट मुद्दामा आफू विरुद्धको अभियोगमा लागेको कसूरका बारेमा जान्न पाउने, प्रमाण गुजारी कसूरको प्रतिवाद गर्न पाउने, कानून व्यवसायीद्वारा प्रतिरक्षा गर्न पाउने र पुनरावेदन गर्न पाउने जस्ता स्वच्छ सुनुवाई (Fair Trail) सम्बन्धी हकबाट वञ्चित हुने ।

अदालतबाट भएको फैसलाबमोजिम प्रचलित कानूनको आधारमा जारी भएको कैदी पूर्जीका आधारमा कैदमा बसेकोलाई गैरकानूनी थुना भन्न नमिल्ने ।

इजलास अधिकृतः चुरामन खड्का

कम्प्युटरः विदुषी रायमाभी

इति संवत् २०६८ साल कात्तिक २३ गते रोज ४ शुभम् ।

१०

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री कमलनारायण दास,** ०६६-CI-०१५७, CI-३१७, CI-३२०, CI-३१८, CI-०३१९, अंश चलन, *खगेन्द्रध्वज जोशी वि. चण्डीमानध्वज जोशी, गोपुजेन्द्रध्वज जोशी वि. चण्डीमानध्वज जोशी, योगेन्द्रध्वज जोशी वि. चण्डीमानध्वज जोशी, गोपुजेन्द्रध्वज जोशी वि. चण्डीमानध्वज जोशी, योगेन्द्रध्वज जोशी वि. चण्डीमानध्वज जोशी,*

प्रतिवादी खगेन्द्रध्वजको नाममा भएको जग्गा पैतृक हो, सो कित्ताकाट गरी कि.नं. २०१ बाट खगेन्द्रध्वजले आफ्नो अंश भाग छोरीलाई बकस दिइसकेकाले निजको नाममा बाँकी रहेको कि.नं. २०२ को सम्पूर्ण जग्गा निज बाहेक ३ अंशियारको मात्र भाग लाग्ने हुँदा सोबमोजिम बण्डा गरिपाऊँ भन्ने पुनरावेदक प्रतिवादीहरू योगेन्द्रध्वज र गोपुजेन्द्रध्वजको जिकीर निजहरू समेत उपस्थित भई पारीत गरेको उक्त २०३०।७।२० को लिखतअनुसार विवन्धित हुने हुँदा युक्तिसंगत एवं तर्कसंगत देखिन आएन । यसर्थ तायदातीमा उल्लिखित सम्पत्ति बाहेक साविकमा प्रत्यर्थी वादी चण्डिमानध्वज जोशीका नाममा दर्ता रही हाल निजको छोरा अनीलध्वज जोशीका नाममा भएको साविक कलंकी गा.वि.स. वडा नं. ६ कि.नं. २८ क्षेत्रफल १-७-०-० हाल नापीमा काठमाडौं महानगरपालिका वडा नं. १४ सिट नं. १०२-११४२-१० कि.नं. ५५ क्षेत्रफल ००६९७.०० वर्गामिटर जग्गा र सोमा रहेको घर टहराहरू तथा चण्डिमान जोशी समेतका नाउँमा संयुक्त दर्ता रहेको साविक कालिमाटी गा.वि.स. वडा नं. २ख कि.नं. ५५ क्षेत्रफल ०-८-०-० हाल नापीमा कायम काठमाडौं महानगरपालिका वडा नं. १३ कि.नं. ४५ क्षेत्रफल ०-८-०-० जग्गा र सोमा रहेको घर टहराहरू सगोलको पैतृक भै बण्डा लाग्ने देखिँदा उक्त सम्पत्ति वादी चण्डिमानध्वज, प्रतिवादीहरू योगेन्द्रध्वज र गोपुजेन्द्रध्वज जोशीका बीचमा बण्डा लाग्ने ।

इजलास अधिकृतः अशोककुमार बस्नेत, हरिराज कार्की

कम्प्युटरः निर्मला अधिकारी

इति संवत् २०६८ साल असार २० गत रोज २ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६६-CI-०१५४, CI-३२२, CI-१५५, CI-०१५६, CI-०३२१, अंश चलन, *खगेन्द्रध्वज जोशी वि. गोपुजेन्द्रध्वज जोशी, गोपुजेन्द्रध्वज जोशी वि.खगेन्द्रध्वज जोशी, खगेन्द्रध्वज जोशी वि. चण्डीमानध्वज जोशी समेत, खगेन्द्रध्वज जोशी वि. योगेन्द्रध्वज जोशी, योगेन्द्रध्वज जोशी वि. खगेन्द्रध्वज जोशी*
- ०६६-CI-०१५८, जग्गा खिचोला, *खगेन्द्रध्वज जोशी वि. अनीलध्वज जोशी*
- ०६६-CI-०१५९, मिलापत्र बदर, *खगेन्द्रध्वज जोशी वि. चण्डीमानध्वज जोशी समेत*

११

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री कमलनारायण दास,** २०६६ सालको दे.पु.नं. ०७७८, अंश, *तुलसीदेवी कुँवर समेत वि. हिरालाल कुँवर समेत*

महिलाले प्राप्त गर्ने अंश हकको स्रोत भनेको वैवाहिक नाताले पतितर्फको पैत्रिक सम्पत्ति र अविवाहित अवस्थामा जन्मको नाताबाट बाबुतर्फको पैतृक सम्पत्तिबाट अंश प्राप्त गर्ने कानूनबमोजिमका अंशका हकदार हुन् । यिनीहरूले कसैको कृपा वा दयामायाबाट अंश पाउने नभई कानूनी प्रावधानबाट नै अंश पाउने हकदार भएकाले महिला तथा बालबालिकालाई नाम

मात्रको अंश दिने कलुषित भावना तथा उद्देश्यले अभिप्रेरित भई गरिएका त्यस्ता लिखतलाई आधार मानी नाम मात्रको अंश दिने किसिमले निचोडमा पुग्नुपर्ने भनेको न्यायको मार्ग अवरोध गर्नु समान हुने ।

पैतृक सम्पत्ति नाताले पहिला बाबु र त्यसपछि सन्ततिमा सरी आउने भए तापनि त्यस्तो पैतृक सम्पत्ति बाबुको एकलौटी मान्नुपर्ने ऐनको मनसाय कदापि नहुने ।

अंशियारहरूले पारस्परिक सहमतिबाट आफूहरूले आफ्नो हक प्रयोग गर्न सक्दछन् तर, त्यसरी अंशियारबीच कुनै लिखत वा व्यवहार गर्दा त्यस्तो कुनै अंशियारले आफूले अंश दिनुपर्ने अन्य अंशियारको असहमति हुँदाहुँदै उसको अंश हकलाई सीमित वा संकुचित गर्ने गरी कुनै लिखत गर्न पाइँदैन । अंशहक जस्तो नैसर्गिक अधिकारलाई कुण्ठित हुने गरी खडा भएको लिखत स्वतः बदरभागी हुने ।

इजलास अधिकृतः फणिन्द्र पराजुली

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६८ साल जेठ २५ गते रोज ४ शुभम् ।

- यसै लगाउको २०६६ सालको फौ.पु.नं. ०५३९, जालसाज, *तुलसीदेवी कुँवर समेत वि. हिरालाल कुँवर समेत* भएको जालसाज मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

१२

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री कमलनारायण दास,** २०६३ सालको दे.पु.नं. २०६३-CI-०१६२, निषेधाज्ञा, *नेपाल रेल्वे कम्पनी लि. समेत वि.चन्देश्वर साह हलुवाई समेत*

रेल्वेको हक दर्ताभित्रको जग्गामा खरीद विक्री भएको अथवा घर निर्माण भएको भए रेल्वे ऐन तथा अन्य प्रचलित कानूनबमोजिम लिखत बदर, घर भत्काई पाऊँ वा खर खिचोला आदितर्फ फिराद गरी कानूनबमोजिमको प्रक्रिया अवलम्बन गरी आफ्नो हकको जग्गा कायम गरी जग्गा खाली गराई लिन पाउने अवस्था हुँदाहुँदैको स्थितिमा प्रहरी लगाई निवेदकहरूको घर जग्गा खाली गराउने वा हस्तक्षेप गर्ने कार्य गर्न खोजेको आशंकाको स्थिति देखिन आयो । कम्पनी पनि एउटा व्यक्ति भएकाले एउटा व्यक्तिले गरेको कामकारवाहीमा चित्त नवुझेमा चित्त नवुझ्ने व्यक्तिले कानूनबमोजिमको प्रक्रिया अवलम्बन गरी आफ्नो हक कायम गराउनु पर्दछ, जग्गा जमिन र घरबास जस्तो देवानी प्रकृतिको प्रक्रियामा प्रहरी लगाएर वलजफ्ती आफ्नो हक कायम गराउन खोज्ने कुरा कानूनसम्मत हुन नसक्ने ।

इजलास अधिकृतः हेमबहादुर सेन

कम्प्युटरः भवानी ढुंगाना

इति संवत् २०६८ साल साउन २३ गते रोज २ शुभम् ।

१३

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री कमलनारायण दास,** २०६४ सालको दे.पु.नं. २०६४-CI-०१०३, ०१३२, दर्ता फारी, *लक्ष्मणलाल जोशी वि.मोहन तण्डुकार, मोहन तण्डुकार वि. लक्ष्मणलाल जोशी*

वादी प्रतिवादी दुवैको संयुक्त दर्ताको जग्गाको तर्फबाट विवाद परेपछि स्थलगतरुपमा फैसला कार्यान्वयनको सिलसिलामा दण्डसजायको ४३ नं. बमोजिम दुवै पक्षलाई राखी नरम करम मिलाई बाँडफाँड गरी दुवै पक्षले अलग-अलगतर्फ लिन मञ्जूर गरेमा सोहीबमोजिम र सोबमोजिम मञ्जूर नगरेमा दण्डसजायको ४६ नं. बमोजिम गोला हाली सो समेतका प्रक्रिया पूरा गरी तर्फ छुट्याई दिनु मनासिव हुने हुँदा सोबमोजिम नरमकरम मिलाई दर्तफारी दिने गरी भएको पुनरावेदन अदालतको फैसला कानूनसंगत नै देखिने ।

इजलास अधिकृतः कमलराज विष्ट

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६८ साल साउन ३० गते रोज २ शुभम् ।

- यसै लगाउको २०६४ सालको दे.पु.नं. २०६४-CI-०१०४, ०१३३, दर्ता फारी, *लक्ष्मणलाल जोशी वि.मोहन तण्डुकार, मोहन तण्डुकार वि. लक्ष्मणलाल जोशी* भएको मुद्दामा समेत यसैअनुरूप निर्णय भएको छ ।

१४

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री कमलनारायण दास,** २०६४ सालको दे.पु.नं. ००४४, जग्गा खिचोला मेटाई घर भत्काई चलन, *गालवबहादुर ढुंगाना वि.गंगाराम चौधरी*

कि.न. १७८ को जग्गा दमा चौधरीको भोगचलनमा रहेको फिल्डबुक उतारबाट देखिएको र उक्त जग्गामा २०५१ सालदेखि प्रतिवादी गंगाराम चौधरीले घर बनाई वसोवास गरी आएको भन्ने घर कर रसिद र नक्सा मुचुल्कामा उल्लिखित भौतिक विवरण समेतबाट देखिएको अवस्था हुँदा वादीले उल्लेख गरेअनुसार विवादित घर प्रतिवादीले २०५९ सालमा बनाएको भन्ने दावी सबुद प्रमाणबाट पुष्टि हुन नआउने ।

वादीको जग्गामा प्रतिवादीले घर बनाउँदै गरेको अवस्थामा र घर बनाई सकेपश्चात् पनि उक्त घर भत्काई पाऊँ भनी मौजूदा कानूनी व्यवस्था मुलुकी ऐन, घर बनाउनेको महलको ११ नं. को हदम्यादभित्र वादीले उजुरी दिएको नदेखिँदा यसरी कानूनले ताकेको प्रक्रियाबमोजिम उजूरी गर्न नआउनेलाई अदालतले सहयोग गर्न नसक्ने ।

इजलास अधिकृतः कमलराज विष्ट

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६८ साल साउन ३० गते रोज २ शुभम् ।

- यसै लगाउको २०६४ सालको दे.पु.नं.०६३५, जग्गा खिचोला चलन, *गालवबहादुर ढुंगाना वि.घुस्कु चौधरी* भएको मुद्दामा समेत यसैअनुरुप निर्णय भएको छ ।

१५

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री कमलनारायण दास,** २०६७ सालको CI-१३९२, १४३७, अंश चलन, *बुशरा खातुन समेत वि.मम्ताज बानु, मम्ताज बानु वि.मोहम्मद एकरामुल हक समेत*

पेश भएको तायदाती विवरणबाट विभिन्न घर जग्गासहितका अचल सम्पत्ति पुनरावेदक प्रतिवादीका नाममा रहेको भन्ने देखिएको र वादीका नाममा कुनै पनि अचल सम्पत्तिको विवरण रहेको नखुलेको अवस्थामा नरम गरम समेत मिलाई पहिलै अंशबण्डा भएको रहेछ भनी विश्वास गर्न सकिने अवस्था छैन । कृषि विकास बैंकमा रहेको भनिएको रकम वादीको अंश हक लाग्ने जग्गा विक्री गरेबापत वादीको हक हिस्सामा पर्न आउने रकम सो खातामा जम्मा गरेको देखिएको भनी प्रमाणमा आएको जिल्ला अदालतबाट मिति २०६६।३।३० मा फैसला भएको यिनै वादी प्रतिवादीहरू समावेश भएको संवत् २०६४ सालको द.दे.नं. ६५१३ को लिखत बदर मुद्दाको फैसलाबाट देखिँएको स्थितिमा बैंकमा जम्मा गरेको भनिएको रकम मात्र विपक्षी वादीको अंशबापतको थियो भनी अनुमान गरी अंश जस्तो नैसर्गिक अधिकारबाट बञ्चित गर्न नमिल्ने ।

पुनरावेदन अदालतले दिएको म्यादबमोजिमको अधिकार र प्रक्रिया अनुशरण गरी यस अदालतमा वादीको समेत प्रस्तुत पुनरावेदन परेको देखिँदा सो म्यादलाई आफ्नै आचरणले स्वीकार गरिसकेको अवस्थामा तत्सम्वन्धी प्रश्न उठाउनु स्वयंमा विरोधाभाषपूर्ण देखिने ।

इजलास अधिकृतः चुरामन खड्का

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६८ साल भदौ २१ गते रोज ४ शुभम् ।

१६

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री कमलनारायण दास,** २०६३ सालको दे.पु.नं.०९००, निकास बाटो खुलाई चलन, *श्रीराम लामिछाने समेत वि.रत्नप्रसाद दवाडी*

वादीको कि.नं. १४१ को पूर्वतर्फ र दक्षिणतर्फ निकास बाटो देखिएको तर उत्तरतर्फ बाटो रहे भएको नदेखिएको र उत्तरतर्फ न.नं. १ को सटर रहेको भवनको दिवाल अघि नै वनिसकेको अवस्था देखिँदा अदालतबाट सर्भे नक्साविपरीत भएको नक्सा विवरणको आधारमा न.नं. ३ को बाटो खुलाउन न.नं. २ मा लगाएको पर्खाल भत्काई बाटो निकास खुलाउने गरी भएको फैसला तथ्य र प्रमाणको रोहमा नमिलेकाले वादीको कि.नं. १४१ को जग्गाको उत्तरतर्फ कुनै निकास बाटो रहे भएको सर्भे नक्साबाट नदेखिएको अवस्थामा वादी दावी पुग्न नसक्ने ।

इजलास अधिकृतः कमलराज विष्ट

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६८ साल साउन ३० गते रोज २ शुभम् ।

१७

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री कमलनारायण दास,** २०६४ सालको दु.फौ.नं.२०६४-CR-०११७, जालसाज, *कमला तण्डुकार वि.लक्ष्मणलाल जोशी*

बाटो प्रयोग सम्बन्धमा प्रेमलता र वादीबीच घरसारमा तयार भएको शर्तनामाको लिखत प्रतिवादी

लक्ष्मणलाल जोशीको अनुपस्थितिमा भएको देखिँदा निजले खरीद गरेको जग्गामध्येबाट वादीलाई प्रेमलताले बाटो प्रयोग गर्न दिएको भन्ने तथ्य प्रतिवादी लक्ष्मणलाल जोशीलाई जग्गा खरीद गर्दा थाहा हुन सक्ने अवस्था नभएको र उक्त बाटो वादीले प्रयोग गर्न पाउने गरी बाटो खिचोला मुद्दामा फैसला भई सो मुद्दाबाट वादीले न्याय पाइसकेको अवस्थामा प्रतिवादीले जग्गा खरीद गरेको लिखतलाई जालसाज घोषित गरी प्रतिवादीहरूलाई सजाय गर्न न्यायोचित नदेखिँने ।

इजलास अधिकृतः कमलराज विष्ट

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६८ साल साउन ३० गते रोज २ शुभम् ।

## इजलास नं. ८

**१**

**मा.न्या.श्री अवधेशकुमार यादव र मा.न्या.श्री भरतराज उप्रेती,** २०६७-WO-०८१२, उत्प्रेषण परमादेश, *रामचन्द्र पौडेल वि.व्यवस्थापिका संसद सचिवालय समेत*

सरकारी कोष र सरकारको नाममा रहेका अचल चल सम्पत्तिहरूको स्वामित्व कानूनी रुपमा नेपाल सरकारको नाममा रहने भए पनि यस्तो सम्पत्तिको अन्तिम र वास्तविक स्वामित्व सार्वभौम नेपाली जनता नै हुन् भन्ने कुरा निर्विवाद छ । यिनै सार्वभौम नेपाली जनताको प्रतिनिधि वा ट्रष्टी (Trustee) को रुपमा मात्र उक्त सम्पत्ति नेपाल सरकारको नाममा रहने हुँदा यस्तो सम्पत्तिलाई मन्त्रिपरिषद् र यसका सदस्यहरूले आफ्नो निजी सम्पत्ति सरह प्रयोग गर्न पाउने सम्पत्तिको रुपमा हेर्न नमिल्ने ।

सार्वभौमहरूको वास्तविक र अन्तिम स्वामित्वको कोष र सम्पत्तिको प्रयोग निजहरूद्वारा व्यक्त ईच्छाअनुसार मात्र हुन सक्तछ र यो ईच्छा भनेको सार्वभौमहरूको प्रतिनिधित्व गर्ने व्यवस्थापिका संसदले बनाएको कानूनद्वारा मात्र अभिव्यक्त हुने कुरा हो । संसदले बनाएको कानूनले दिएको अख्तियारी नभई केवल नीतिगत निर्णयको नाममा मन्त्रिपरिषद्ले कानूनी अख्तियारी बिना राज्यकोषमा व्ययभार हुने गरी कुनै सुविधा दिने वा कुनै सरकारी सम्पत्ति कुनै व्यक्तिलाई प्रयोग गर्न दिने कार्य क्षेत्राधिकारविहीन भई गैरकानूनी हुने ।

मन्त्रिपरिषद्ले प्रचलित कानूनमा उल्लिखित प्रयोजन र अख्तियारीभन्दा बाहिर गई सरकारी कोषमा व्ययभार हुने गरी सरकारी सेवामा रहेका वा नरहेका वा सरकारी काममा खटिएका वा नखटिएका कुनै पनि व्यक्तिलाई कुनै सुविधा, आर्थिक सहयोग, चन्दा वा उपहार वा कुनै सरकारी सम्पत्ति प्रयोग गर्न दिने निर्णय गर्ने अधिकार भए रहेको अवस्था नदेखिँने ।

सरकारी सेवामा रहेका वा सरकारी सेवाबाट अवकाश भएका व्यक्तिहरूलाई कानूनले निर्धारण गरेको भन्दा बढी सुविधा दिने गरी सरकारी कोषमा व्ययभार थप्ने अधिकार मन्त्रिपरिषद्लाई नहुने र यस्तो निर्णय गरेमा संविधानले अंगीकार गरेको सीमित सरकार, कानूनको शासन तथा लोकतान्त्रिक मान्यताका आधारभूत सिद्धान्तविपरीत हुने ।

कानूनको अख्तियारीबिना कानूनअनुसार प्राप्त नहुने घर भाडा, सवारी साधन, इन्धन खर्च तथा सवारी चालकको सुविधाको रुपमा नियमित रुपमा नगद भुक्तानी गर्ने वा सुविधा दिने र राज्यको नाममा रहेको सम्पत्ति प्रयोग गर्न दिने बारेमा मन्त्रिपरिषद्ले गरेका निर्णयहरू कुनैपनि कानूनको अख्तियारी नभएको र कानूनी अख्तियारीमा आधारित नभई स्वेच्छाचारी, गैरकानूनी तथा विभेदकारी भएको देखिएको हुँदा यस्तो निर्णयले कानूनी मान्यता नपाउने ।

इजलास अधिकृत :- हरिराज कार्की

कम्प्युटरः मुक्ता प्याकुरेल

इति संवत् २०६८ साल मंसिर २२ गते रोज ५ शुभम्

२

**मा.न्या.श्री अवधेशकुमार यादव र मा.न्या.श्री भरतराज उप्रेती,** २०६७ साल फौ.पु.नं. ०३९९, जवर्जस्ती करणी (हाडनाता), *हर्कबहादुर कुँवर वि. नेपाल सरकार*

विविध परिस्थितिको कारण पीडित अदालतमा उपस्थित भई आफ्नो भनाइहरु राख्न नसकेको स्थिति भए पनि अन्य सम्बद्ध प्रमाणहरुले पीडितले अनुसन्धान अधिकारीसमक्ष भनेको भनाइलाई पनि पुष्टि गरिरहेको विद्यमान देखिएमा त्यस्तो अवस्थामा पीडितको भनाइलाई पनि प्रमाणमा ग्रहण गर्नुपर्ने ।

पीडितले मौकामा आफ्नी आमासँग बाबुले आफूमाथि गरेको कुकृत्यको जानकारी गराएको र आमाले आफ्नो लोग्नेलाई सम्झाउँदा नमानी पटक-पटक छोरीसँग यौन दुर्व्यवहार गर्ने गरेको पीडा सहन नसकी आत्महत्यासम्म गरेको अवस्था छ। पीडितले आफ्नो आमाले यी प्रतिवादीको कुकृत्यबाट वाक्क भई आत्महत्या गरेको भनी भनेको कुरालाई प्रतिवादीले अन्यथा भनी प्रतिवादसम्म गरेको पनि नदेखिनुका साथै पीडितको भनाइलाई स्वास्थ्य परीक्षण प्रतिवेदन र प्रतिवादीले अधिकारप्राप्त अधिकारी समक्षमा गरेको बयान व्यहोराले वारदात पुष्टि गरेकाले उपरोक्त उल्लिखित कारण र प्रमाण समेतका आधारमा यी प्रतिवादीले आफ्नै छोरी जाहेरवालीलाई जवर्जस्ती करणी गरेको देखिन आएको हुँदा पुनरावेदक प्रतिवादीलाई जवर्जस्ती करणीको ३(२) नं. अनुसार ७ वर्ष कैद सजाय र हाडनाता करणीको २ नं. अनुसार थप १० वर्ष कैद समेत जम्मा १७ वर्ष कैद सजाय हुने।

इजलास अधिकृतः हरिराज कार्की

कम्प्युटरः निर्मला अधिकारी

इति संवत् २०६८ साल असार २२ गते रोज ४ शुभम्।

३

**मा.न्या.श्री अवधेशकुमार यादव र मा.न्या.श्री भरतराज उप्रेती,** २०६७ साल फौ.पु.नं. ०६४२, जीउ मास्ने बेच्ने, *देवकी खरेल (पौडेल) वि. नेपाल सरकार*

प्रतिवादीले जाहेरवालीलाई मोबाइल चोरी गरेको आरोपमा उजूर गरी थुनामा राखेको कारणले रिसइवी राखी मुद्दा गरेको भनी जिकीर लिएको भए तापनि निजको सो जिकीर मिसिल संलग्न तथ्यहरूबाट समर्थित हुन आएको पाइएन भने अर्कोतर्फ पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनमा निजको कन्याजाली पूरा नै च्यातिएको भनी उल्लेख भएबाट निजसँग यौन सम्पर्क कार्य भएको तथ्य समर्थित भएको छ। दशी प्रमाणको रूपमा कण्डम बरामद भएको देखिन्छ। यस प्रकारका चीजवस्तु फेला पर्नुले प्रतिवादीले सञ्चालन गरेको रेष्टुरेण्टमा यौन व्यवसाय पनि सञ्चालन हुने गरेको रहेछ भन्ने तथ्य समर्थित हुने भई सोबाट प्रतिवादीउपरको अभियोग दावीलाई नै परिपुष्टि गर्ने देखिन्छ। घटनास्थल प्रकृति मुचुल्का, बरामदी सामान, प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानबाट आमा बाबु कसैको संरक्षणमा नरहेकी अभिभावकत्वको अभावका कारणबाट बेसहाराको स्थितिमा रहेकी यी पीडितलाई प्रतिवादीले आफ्नो सम्पर्कमा केटाहरुसँग पटक-पटक शारीरिक सम्पर्क राख्न बाध्य पारिएको पीडितको कथनमा विश्वास गर्न नपर्ने कुनै कारण नदेखिँदा प्रतिवादी देवी खरेल (पौडेल) लाई जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ८(३) बमोजिम १० वर्ष कैद सजाय हुने।

इजलास अधिकृतः हरिराज कार्की

कम्प्युटरः मुक्ता प्याकुरेल

इति संवत् २०६८ साल असार २२ गते रोज ४ शुभम्।

४

**मा.न्या.श्री अवधेशकुमार यादव र मा.न्या.श्री भरतराज उप्रेती,** २०६६ साल फौ.पु.नं. ०८३५, कर्तव्य ज्यान, *उदबहादुर घर्ती वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादी उदबहादुर घर्तीले जाहेरवालाका बाबु बनुलाई पूर्व रिसइवीका कारण ज्यान मार्ने मनसाय राखी कुटपीट गरी आँगनबाट लडाएपश्चात् पनि घिसार्दै पर पुऱ्याई मर्ने अवस्थामा पुगिसकेको मृतकलाई पुनः पटक-पटक कुटपीट गरेको आपराधिक कार्यको परिणामस्वरूप तत्काल घटनास्थलमा मृतक मरेको शंकारहित तवरबाट प्रमाणित भइरहेको देखिँदा प्रतिवादीलाई कसूरदार ठहर गरी ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने।

मृतकलाई मार्ने नै उद्देश्य र लक्ष्य तय गरी पूर्व योजना र तयारीअनुसार हातहतियारसहित घटनास्थलमा पुगी कर्तव्य गरेको, पहाडी जिल्ला म्याग्दीको मुर्ना भन्ने स्थानको यत्रतत्र ढुङ्गामुढा प्राप्त हुन सक्नेमा सोही स्थानमा अवस्थित घर आँगन र करेसाबारीमा घटित वारदात घटनामा पनि प्रतिवादीले मृतकलाई कुटपीट गर्दा र घिसार्दा सामान्य ढुङ्गामुढा लाठी वा घटनास्थल वरपर प्राप्त हुन सक्ने सम्भावित अन्य बाह्य भौतिक चीजवस्तुको प्रयोग गरेको भन्ने नदेखिएको, मृतकले चोरी गरेको आफ्नो बाखाको पैसा दिन्न भनेबाट आक्रोसित बनी दुईपक्षबीच भनाभनको स्थिति भई लात मुक्काले हान्दा सोही चोटपीरको कारण मृतकको मृत्यु हुन गएको देखिएको प्रस्तुत

वारदातको रूप र अवस्था विचार गर्दा प्रतिवादीलाई कानूनबमोजिम तोकिएको सर्वश्वसहित जन्मकैदको सजाय दिँदा चर्को हुँदा भनी अ.बं. १८८ नं बमोजिम निजलाई कैद वर्ष १०(दश) को सजाय हुने ।

इजलास अधिकृतः हरिराज कार्की

कम्प्युटरः शम्भुप्रसाद शाह

इति संवत् २०६८ साल असार २२ गते रोज ४ शुभम् ।

५

**मा.न्या.श्री अवधेशकुमार यादव र मा.न्या.श्री भरतराज उप्रेती,** २०६७ साल फौ.पु.नं. ०३६३, कर्तव्य ज्यान, *गोविन्द ऋषिदेव वि. नेपाल सरकार*

प्रतिवादी स्वयंले अधिकारप्राप्त अधिकारी एवं अदालतमा बयान गर्दा मृतक बाबुसँग आफ्नो पूर्व रिसइवी केही नभएको र मादक पदार्थ सेवन गरेको विषयमा वादविवाद हुँदा तत्काल उठेको रिस थाम्न नसकी घरमै रहेको फलामको खन्तीले टाउकोमा प्रहार गरी त्यसको चोटबाट मृत्यु भएको भनी आरोपित कसूरमा सावित भै बयान गरेको पाइन्छ। सो वारदातमा प्रयोग गरिएको फलामको खन्ती साधारण लाठा ढुंगा, लात मुक्काभित्र नपर्ने भै जोखिमी हतियारभित्र पर्ने हुँदा निज प्रतिवादी गोविन्द ऋषिदेवलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वश्वसहित जन्मकैद हुने ।

मृतकलाई मार्नुपर्ने पूर्व रिसइवी, मनसाय रहे भएको नदेखिएको, लुकीचोरी हानेको पनि नदेखिएको, मिसिल संलग्न प्रतिवादीको अदालत समेतको बयानमा मृतक र प्रतिवादी बाबु छोराहरू रक्सीले मात्तिएको सुरमा भएको विवादमा तत्काल उठेको रिस थाम्न नसकी घरमै भएको खन्तीले प्रहार गर्दा टाउकोमा चोट लाग्न गई मृतकको मृत्यु हुन गएको देखिँदा प्रतिवादी गोविन्द ऋषिदेवलाई ठहरेबमोजिम सर्वश्वसहित जन्मकैद गर्दा चर्को पर्न जाने भै निजलाई १० वर्ष कैद सजाय हुने ।

इजलास अधिकृतः हरिराज कार्की

कम्प्युटरः मुक्ता प्याकुरेल

इति संवत् २०६८ साल असार २२ गते रोज ४ शुभम् ।

६

**मा.न्या.श्री अवधेशकुमार यादव र मा.न्या.श्री भरतराज उप्रेती,** २०६७ साल फौ.पु.नं. ०३६४, कर्तव्य ज्यान, *जोगेन्द्र ऋषिदेव वि. नेपाल सरकार*

प्रतिवादीले आफ्नी श्रीमती दुखनी देवीले पर पुरुषसँग यौन सम्बन्ध राखेको भन्ने कारणबाट घरमा झगडा भै रीस उठी छुरीले श्रीमतीको शरीरको जत्रतत्र भागमा प्रहार गर्दा सोही चोटपीरको कारणले श्रीमतीको मृत्यु भएको भनी निजको अदालतसमक्ष समेतको साविती बयानलाई मौकामा बुझिएका व्यक्तिको भनाई र पोष्टमार्टम रिपोर्टको पुष्टि गरिरहेको देखिँदा पुनरावेदक प्रतिवादी जोगेन्द्र ऋषिदेवलाई ज्यानसम्बन्धी महलको १ नं. को कसूरमा ऐ.को १३(१) नं. बमोजिम सर्वश्वसहित जन्मकैद हुने र अ.बं. १८८ नं. अनुसार निज प्रतिवादीलाई कैद वर्ष १०(दश) सजाय हुने ।

इजलास अधिकृतः हरिराज कार्की

इति संवत् २०६८ साल असार २२ गते रोज ४ शुभम् ।

७

**मा.न्या.श्री अवधेशकुमार यादव र मा.न्या. प्रा.डा. श्री भरतबहादुर कार्की,** ०६४-WO-०३९४, परमादेश, *राजेशकुमार काफ्ले वि. न्यायपरिषद् सचिवालय*

पुनरावेदन तथा जिल्ला अदालतका न्यायाधीशहरूको पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्तसम्बन्धी ऐन, २०४८ को दफा २क मा उल्लिखित विभिन्न तीनवटा आधारमध्ये जुन उमेरको गणना गर्दा पहिले अवकाश हुने हो, सोही आधारलाई गणनाको प्रयोजनको लागि आधार लिनु पर्ने भन्ने कानूनी व्यवस्था तथा प्रतिपादित सिद्धान्त रहेको देखिन आएको र सोही आधारमा नै न्याय परिषद्ले निवेदकको जन्म मिति अभिलेख राखेको देखिन आएको अवस्थामा न्याय परिषद्को उक्त कार्य यी निवेदकले जिकीर लिए जस्तो कानूनविपरीत देखिन नआउने ।

कुनै पनि न्यायाधीशले सेवा प्रवेश गर्दा पेश गरेका प्रमाणपत्रहरूमा उल्लिखित जन्म मितिमा विभिन्नता देखिएको अवस्थामा तीमध्ये जुन मितिबाट पहिले अवकाश हुन्छ, सोही मितिलाई आधार मानी अवकाश पाउने भन्ने हेक्का राख्नु पर्दछ। सेवा प्रवेश गरिसकेपछि कुनै पनि आधारमा वा कुनै पनि तरिकाले कुनै पनि प्रमाणपत्रको जन्म मितिलाई सच्याइएको अवस्थामा सो सच्चिएको जन्म मिति वा प्रमाणपत्र अवकाशको आधार वा प्रमाण बन्न र सच्चिएको जन्म मिति न्यायाधीशको अवकाशको प्रयोजनको लागि

कायम हुन सक्दैन । सच्याइएको प्रमाणपत्रलाई आधार मानी वा प्रमाणपत्रको प्रयोजनको लागि कायम हुन सक्तैन । सच्याइएको प्रमाणपत्रलाई आधार मानी वा प्रमाणपत्रको रूपमा देखाई आफैंले सेवा प्रवेश गर्दा देखाइएको जन्म मितिलाई सच्याउन न्याय परिषद्मा निवेदन दिनु वा यस अदालतलाई गुहार्नु निरर्थक हुने ।

इजलास अधिकृतः श्रीप्रकाश उप्रेती

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६८ साल भदौ १८ गते रोज १ शुभम् ।

## इजलास नं. ९

१

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री कमलनारायण दास,** २०६६-WO-०५१९, उत्प्रेषण, परमादेश, *सोनालाल साह कलवार वि. गोरख साह कानू समेत*

लिलाममा परेको जिल्ला बारा, रौवाही गा.वि.स., वडा नं. १ ग., कि.नं. १३८, ऐ.कि.नं. र कि.नं. १४० को जग्गाको प्रतिकट्ठा मोल रू.१५,०००।- तथा ऐ. तेलकुवा गा.वि.स. वडा नं. ६, कि.नं. १२ को जग्गाको प्रतिधुर रू.४,०००।- तथा सोमा भएको घरको मोल रू.१०,०००।- पर्ने भनी बारा जिल्ला अदालत तहसील फाँटबाट मिति २०६६।३।२३ मा पञ्चकीर्ते मुचुल्का खडा भई तदनुसार लिलाम भएको कि.नं. १३६, १३८ र १४० मध्येको रू.५,६२५।- मोल पर्ने ०-०-७½ ऐ.कि.नं. १२ मध्येको रू.४,०००।- पर्ने ०-०-१ धुर जग्गा रू.१०,०००।- मोल पर्ने घर समेत पञ्चकीर्ते मोल रू.१९,६२५।- को घर जग्गा लिलाम हुँदा प्रतिवादी सोनालाल साहको रू.१६,५००।- लिलाम सकार गरेको देखिएको हुनाले जिल्ला अदालत नियमावली, २०५२ को नियम ७५ को उप-नियम (७) को रीत पुऱ्याई लिलाम भएको नदेखिएकोले पुनरावेदन अदालत, हेटौंडाको मिति २०६६।७।५ को लिलाम बदर गर्ने आदेशमा कुनै त्रुटि नदेखिएकोले बदर गरिराख्नु परेन, रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः रामप्रसाद भट्टराई

कम्प्युटरः मुक्ता प्याकुरेल

इति संवत् २०६८ साल साउन २० गते रोज ६ शुभम् ।

## इजलास नं. १०

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** रि.नं. ०६७-WO-१०७२, उत्प्रेषण समेत, *भविषकुमार श्रेष्ठ वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

जुनसुकै अधिकारको प्रयोग गर्दा पनि विवेकपूर्ण र न्यायसंगत तरीका अवलम्बन गर्नुपर्ने सर्वमान्य कुरा हो । विराटक्षेत्र पर्यटन प्रवर्द्धन विकास समिति (गठन) आदेश, २०६६ को उपदफा ५ ले दिएको अधिकार र व्यवस्था स्वेच्छाचारी एवं अनियन्त्रित तरिकाले प्रयोग गर्नको लागि राखिएको हो भनी तर्क गर्नु न्यायोचित एवं विवेकसम्मत हुने हुँदैन । दफा ३(४) अनुसार पदावधि बाँकी रहेकै अवस्थामा निवेदकलाई आत्मनिष्ठ तवरले विराट क्षेत्र पर्यटन प्रवर्द्धन विकास समतिको अध्यक्ष पदबाट हटाउने र विपक्षी प्रकाश पौडेललाई उक्त पदमा मनोनयन गर्ने गरेको नेपाल सरकार पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको निर्णय उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ । साथै रिट निवेदक भविष्यकुमार श्रेष्ठलाई तोकिएको अवधिसम्म साविकबमोजिमकै विराटक्षेत्र पर्यटन प्रवर्द्धन विकास समितिको अध्यक्ष पदमा रही कामकाज गर्न दिनु भनी विपक्षीहरूका नाममा परमादेशको आदेश समेत जारी हुने ।

इजलास अधिकृतः भोजराज रेग्मी

कम्प्युटरः निर्मला अधिकारी

इति संवत् २०६८ साल कात्तिक १३ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६५ सालको WO-१०२७, उत्प्रेषण समेत, *श्यामकुमार श्रेष्ठ वि. भरतपुर नगरपालिका, भरतपुर नगरपालिकाको कार्यालय, भरतपुर चितवन समेत*

रिट निवेदकको प्रस्ताव स्वीकृत गर्ने निर्णय रद्द गर्दा सो रद्द गर्नु परेको आधार र कारणसहित यी निवेदकलाई जानकारी दिई सफाइ पेश गर्ने मौका दिई निर्णय गर्नुपर्नेमा त्यस्तो कुनै सफाइको मौका दिएको मिसिल संलग्न कागजातबाट नदेखिँदा भरतपुर

नगरपालिका बोर्डको मिति २०६६।३।२२ को निर्णय उत्प्रेषणको आदेशद्वारा बदर भई विपक्षी भरतपुर नगरपालिकाको बोर्डबाट यी रिट निवेदकको प्रस्ताव स्वीकृत गर्ने गरी गरेको मिति २०६६।३।१८ को निर्णयबमोजिम निवेदकसँग सम्झौता गरी निवेदकलाई भरतपुर नगरपालिकाको नगर सरसफाई सेवा शुल्क संकलन गरी कार्य गर्ने ठेक्का दिनु दिलाउनु भनी विपक्षीहरूका नाउँमा परमादेश जारी हुने ।

इजलास अधिकृतः विद्याराज पौडेल

कम्प्युटरः मुक्ता प्याकुरेल

इति संवत् २०६८ साल असोज २५ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.प्रा.डा. श्री भरतबहादुर कार्की,** ०६७-CI-०२८१, घर भत्काई जग्गा खिचोला मेटाई पाऊँ, *कुलप्रसाद ओडारी वि. टीकाराम भट्टराई*

मिसिल संलग्न दमक नगरपालिकाको च.नं. ११०२६ मिति २०६६।३।१ को पत्रमा पुनरावेदक वादीको हाल कि.नं. २३४५७ को जग्गा र प्रतिवादीले घर बनाएको भनेको ऐलानी जग्गाको बीचमा नगरपालिकाले बनाएको ड्रेन स्ल्याब आ.व. ०५८/५९ मा नगरपालिका तथा उपभोक्ताको सहभागितामा निर्माण गरिएको भन्ने उल्लेख भएको पाइँदा पुनरावेदक वादीले दावी गरेको मिति भन्दा अगावै सो ड्रेन नाला नगरपालिकाले बनाएको देखियो । सो समयमा यी पुनरावेदकले दावी उजूर गर्न सकेको पाइदैन । साथै त्यस्तो सार्वजनिक स्थानमा रहेको सार्वजनिक होली/नाला वा पैनी त्यसमा पनि नगरपालिकाले ड्रेन स्ल्याब बनाएको सार्वजनिक निर्माण संरचना प्रत्यर्थी प्रतिवादीले मात्र खुलेआमरूपमा एक्लै सारेको भनी वादीले लिएको जिकीर विश्वास गर्न नसकिने ।

इजलास अधिकृतः अशोककुमार बस्नेत

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०६८ साल साउन ३० गते रोज २ शुभम् ।

४

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री कमलनारायण दास,** ०६७-WO-०१७१, उत्प्रेषण परमादेश, *शुभद्रा थापा (कार्की) वि.पशुपतिकुमारी बस्नेत (कार्की) समेत*

निवेदकको नाममा कायम दावीको जग्गामध्ये कि.नं. १५०४ र १५०६ जग्गामा विपक्षी पशुपतिकुमारी बस्नेतले गरेको भनी यिनै रिट निवेदक समेतले खिचोला मेटाई टप भत्काई झ्याल बन्द गराइपाऊँ भनी मुद्दा दिएको र सोमा यिनै निवेदक समेतले पुनरावेदन अदालतमा पुनरावेदन गरी विचाराधीन रहेको निजले पेश गरेको तारेख पर्चाबाट देखिन्छ । प्रस्तुत निवेदनमा दावी गरेको नापीको मिति २०६७।१०।७ को हाल साविक निर्णयसँग सम्बन्धित जग्गाहरूसँग सम्बन्धित तथ्य समावेश रहेको देखिन्छ । सो मुद्दामा सबूद प्रमाणको मूल्याङ्कन भै निर्णय हुने नै हुँदा सो सक्षम अदालतको विचाराधीन विषयवस्तुमा असर पर्ने गरी यस अदालतबाट केही बोल्न मिलेन । साथै सबूद प्रमाणको मूल्याङ्कन गर्ने क्षेत्र पनि प्रस्तुत असाधारण अधिकारक्षेत्र नभएकाले रिट निवेदन औचित्यपूर्ण देखिन नआउने ।

इजलास अधिकृतः अशोककुमार बस्नेत

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०६८ साल भदौ १ गते रोज ५ शुभम् ।

५

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री कमलनारायण दास,** ०६७-WO-०४०९, उत्प्रेषण, *रामचन्द्र राना समेत वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय समेत*

जग्गाको कारोवार गर्नमा मालपोत कार्यालयले रोक नलगाएको एवं पुरानो स्रेस्ताबमोजिम नै हाल कारोवार समेत भइरहेको भन्ने सो कार्यालयको लिखित जवाफबाट देखिन्छ । सम्पत्ति उपभोग गर्न रोक लगाएको वा हक हस्तान्तरण गर्न वा वित्तीय संस्थामा धितो राख्न समेत मालपोत कार्यालयबाट कुनै व्यवधान गरेको देखिएन । निवेदकहरूले आफ्नो सम्पत्ति निर्बाध रूपले उपभोग गर्न पाएको त्यस्तो स्थितिमा संविधानप्रदत्त सम्पत्तिसम्बन्धी हक हनन् भएको भन्न मिलेन । पुरानै बिघा, धुर, कट्ठाबाट हक हस्तान्तरण, पारीत, दान, दातव्य, बैंक वित्तीय संस्थामा दृष्टिवन्धक राख्न र मालपोत असूलीको कामकारवाही समेत नियमितरूपमा चलिरहेको भन्ने देखिँदा रिट जारी गर्नुपर्ने कुनै औचित्य नदेखिँने ।

इजलास अधिकृतः दीपक ढकाल

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६८ साल भदौ ८ गते रोज ५ शुभम् ।

६

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री कमलनारायण दास,** ०६७-WO-०३७५, उत्प्रेषण परमादेश, *रामबहादुर थापा समेत वि. श्री बारा जिल्ला अदालत, कलैया समेत*

यस अदालतको मिति २०५८।११।१५ को फैसलाबमोजिम नै जग्गा नापनक्सा गरी यकीन गरी चलन चलाउने कार्य बाँकी नै रहेको स्थितिमा रिटको अन्तरवस्तुभित्र प्रवेश गर्दा तल्लो तहको अदालतको कारवाहीलाई प्रत्यक्ष असर पर्न जाने हुन्छ । माथिल्लो तहको फैसलाअनुरूप फैसला कार्यान्वयन गर्ने दायित्व र जिम्मेवारीबाट सर्वोच्च अदालतको मिति २०५८।११।१५ को फैसलाबमोजिम चलन पाउने कार्य कार्यान्वयन हुने नै हुँदा सो कार्यमा हस्तक्षेप हुने गरी प्रस्तुत रिट निवेदनको अन्तरवस्तुभित्र प्रवेश गर्न नमिल्ने ।

इजलास अधिकृतः दीपक ढकाल

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०६८ साल भदौ ८ गते रोज ५ शुभम् ।

७

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.श्री तर्कराज भट्ट,** २०६४-CR-०२७९, ठगी, *नेपाल सरकार वि. अशोककुमार खड्का*

श्री ५ को सरकार वादी भई दायर भएको कुनै मुद्दा अनुसूची १ वा २ भित्र नपर्ने भन्ने देखिएमा अदालतले आदेश दिई सरोकारवाला व्यक्तिलाई झिकाई निजले सकार गरेमा वादी पक्ष कायम गरी मुद्दाको कारवाही गर्न सक्ने कानूनी व्यवस्था रहेको पाइन्छ । सो कानूनी व्यवस्थाअनुसार वादी पक्षबाट भएको अनुसन्धान र तहकीकातबाट कुनै मुद्दा सरकार वादी भई कारवाही चल्दै जाँदा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूची १ र २ भित्र पर्ने नदेखिएमा अदालतले आदेश दिई सरोकार व्यक्तिलाई झिकाई वादी पक्ष कायम गरी दुनियावादीमा प्रचलित कानूनअनुसार कारवाही चलाउन पाउने कानूनी व्यवस्था भइरहकोमा शुरू सुनसरी जिल्ला अदालतबाट सो व्यवस्थाअनुसारको कारवाही अघि बढाएको देखिएन । यस व्यवस्थालाई ख्याल नगरी शुरू अदालतले वादी पक्षले लगाएको अभियोग नै खारेज गरेको देखियो । यस्तो स्थितिमा सो कानूनी व्यवस्थालाई ध्यान नदिई अभियोगपत्र नै खारेज गरेको शुरू सुनसरी जिल्ला अदालतको फैसलालाई उल्टी गरी जाहेरवाला र प्रतिवादीबीच कारोवार भएको प्रकृतिलाई मध्यनजर गरी प्रस्तुत मुद्दालाई कारोवारको प्रकृति ठगीअन्तर्गत नभई लेनदेन कारोवारसँग सम्बन्धित देखिनाले सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ बमोजिम सरोकारवाला व्यक्तिलाई झिकाई निजले सकार गरेमा वादी पक्ष कायम गरी सोही मुद्दाको मिसिलबाट प्रचलित कानूनबमोजिम लेनदेनतर्फ कारवाही र किनारा गरी दिने गरी पुनरावेदन अदालतबाट भएको मिति २०६४।१।६ को आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः कमलराज विष्ट

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६८ साल कात्तिक २७ गते रोज १ शुभम् ।

## पुनरावलोकन निस्सा प्राप्त

१

**मा.न्या.श्री सुशीला कार्की, मा.न्या.श्री वैद्यनाथ उपाध्याय र श्री तर्कराज भट्ट,** पु.नि.नं.२०६६-RV-०४९२, २०६७-RV-०१९५ र ०१९६, उत्प्रेषण समेत, *आन्तरिक राजश्व कार्यालय भरतपुर समेत वि. मोहनलक्ष्मी मास्के*

आन्तरिक राजश्व कार्यालयको निर्णयमा पुनरावेदन लाग्ने कुराको उल्लेख नहुँदैमा कानूनबमोजिम पुनरावेदन गर्न पाउने हक अन्यथा नहुने तर्फ विचार नगरी निर्णय यथावतै राखी सो निर्णयबमोजिम असूरउपर गर्नुपर्ने बिगो भराउने प्रयोजनको लागि रोक्का राखिएको उक्त कम्पनीका सञ्चालक प्रत्यर्थी निवेदिकाको नाउँको सम्पत्ति मात्र फुकुवा हुने गरी यस अदालतको पूर्ण इजलासबाट मिति २०६७।१।२९ मा जारी भएको आदेश यस अदालतबाट *नेकाप* २०५२, नि.नं.६०३२, पृष्ठ ५४२, *नेकाप* २०५८, नि.नं.६९८४, पृष्ठ १०९ र नेकाप २०५८, नि.नं.७०१५, पृष्ठ ३६६ समेतमा प्रतिपादित सिद्धान्तप्रतिकूल देखिएकोले न्याय प्रशासन ऐन,

२०४८ को दफा ११ को उपदफा १ को खण्ड (ख) बमोजिम प्रस्तुत मुद्दा पुनरावलोकन गरी हेर्ने निस्सा प्रदान गरिएको छ ।

न्याय प्रशासन ऐन, २०४८ को दफा ११ को उपदफा (२) को देहाय (ख) मा पुनरावलोकनको लागि परेको निवेदनमा उठाइएका प्रश्नहरु सर्वोच्च अदालतको संयुक्त इजलासमा पनि उठाइएको र त्यसमा न्यायाधीशहरुको राय नमिलि पूर्ण इजलासबाट सुनुवाइ भएकोमा सो प्रश्नहरुको निरुपण गरी निर्णय भैसकेको अवस्थामा पुनरावलोकन हुन नसक्ने भन्ने ऐनमा भैरहेको व्यवस्थाले यस अदालतको पूर्ण इजलासबाट भएका फैसला वा अन्तिम आदेशको पुनरावलोकन हुनै नसक्ने भन्ने व्यवस्था नगरी केवल रायबाझी भई पूर्ण इजलासबाट भएको निर्णयमा पुनरावलोकनको निवेदनमा उठाइएका प्रश्नहरुको निरुपण भैसकेको अवस्थालाई सम्म बाहेक गरेको प्रष्ट देखिन्छ । त्यसका लागि संयुक्त इजलासमा के कुन प्रश्नमा राय बाझिएको थियो र त्यस्ता प्रश्नहरु पूर्ण इजलासले निरुपण गरेको छ, छैन भन्ने जस्ता कुराहरु हेरिनु पर्ने हुन्छ । प्रस्तुत मुद्दामा संयुक्त इजलासमा रायबाझी हुँदा आन्तरिक राजश्व कार्यालयले गरेको निर्णयउपर राजश्व न्यायाधिकरणमा पुनरावेदन लाग्ने वैकल्पिक उपचाको कानूनी व्यवस्था रहेकोले रिट खारेज हुने गरी माननीय न्यायाधीश श्री अनूपराज शर्माबाट राय व्यक्त भएको र अर्का माननीय न्यायाधीश श्री राजेन्द्रकुमार भण्डारीले सुनुवाइको मौका नदिई प्राकृतिक न्यायको सिद्धान्तप्रतिकूल निर्णय भएको भन्ने आधारमा रिट जारी हुने गरी राय व्यक्त गरेको देखिन्छ । पूर्ण इजलासबाट भएको आदेश हेर्दा वैकल्पिक उपचारको व्यवस्था भए नभएको सम्बन्धमा कुनै निर्णय निरुपण नै नगरी केवल सुनुवाइको मौका नदिइएकोले प्राकृतिक न्यायको सिद्धान्तको उल्लघंन भएको भन्नेसम्मको आधारमा रिट जारी गर्ने गरेको रायलाई सदर कायम गरिएको देखिएकोले निवेदन मागबमोजिम पुनरावलोकन गरी हेर्न कानूनतः मिल्ने ।

न्याय प्रशासन ऐन, २०४८ को दफा ११ (२)(ख) का सम्बन्धमा व्याख्या गर्दै यस अदालतको पूर्ण इजलासबाट भएको फैसला वा अन्तिम आदेशको पुनरावलोकन गरिपाऊँ भन्ने निवेदन नै लाग्न नसक्ने भनी निवेदक रामकृष्ण निराला विरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोग समेत भएको संवत् २०६१ सालको पु.नि.नं. ५१३ को उत्प्रेषण मुद्दामा मिति २०६५।४।१७ मा पुनरावलोकनको निवेदन खारेज हुने ठहऱ्याई भएको व्याख्यासँग सहमत हुन नसकिएको र यससम्बन्धी अभ्यासमा एकरुपता समेत नदेखिएकोले सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(१)(ख) र ३(२) बमोजिम प्रस्तुत निवेदन तीन जनाभन्दा बढी संख्या रहेको पूर्ण इजलासमा पेश गर्नुपर्ने ।

इति संवत् २०६८ साल मंसिर २३ गते रोज ६ शुभम् ।

पुनरावलोकनको निस्सा प्राप्त प्रस्तुत मुद्दा ***नेकाप* २०६७, अङ्क १, नि.नं. ८२९४, पृ.६०** मा प्रकाशित छ)

- यसै लगाउको पु.नि.नं.२०६६-RV-०४९१, २०६७-RV-०१९३ र ०१९४, उत्प्रेषण समेत, *आन्तरिक राजश्व कार्यालय भरतपुर समेत वि.किरण मास्के समेत* भएको मुद्दामा यसैअनुरूप आदेश भएको छ ।

२

**मा.न्या.श्री सुशीला कार्की, मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.श्री तर्कराज भट्ट,**

**पू.नि.नं.०६७-RV-०३०७,** अंश चलन, *लक्ष्मीकुमारी मिश्र श्रेष्ठ समेत वि. मखमली मिश्र समेत*

मिसिल संलग्न मतदाता नामावली, मतदाता परिचय पत्र र सवारीचालक अनुमति पत्र समेतका सबूद प्रमाणहरुबाट निवेदक वादीहरुका पति/पिता रवि मिश्र प्रत्यर्थीमध्येका असर्फीलाल भन्ने केदार मिश्र र मखमली मिश्रका छोरा हुन् भन्ने तथ्य पुष्टि भैरहेको देखिन्छ । निज रवि मिश्रले पनि आफू असर्फीलाल भन्ने केदार मिश्र र मखमली मिश्रको छोरा नभएको भनी निजहरु मिलानकै प्रतिउत्तर बयान गरेको देखिए पनि प्रतिउत्तर तथा बयान व्यहोराको शीर खण्डमा बाबुको नाम उल्लेख गर्ने क्रममा केदार मिश्रलाई नै पिताको रुपमा उल्लेख गरेको देखिएकोले निवेदक वादीहरुलाई अंश हकबाट बञ्चित गर्ने उद्देश्यबाट एकआपसमा मिली त्यसप्रकारको जिकीर लिएको मान्नु पर्ने देखियो । तसर्थ मिसिल संलग्न सरकारी निकायबाट जारी भएका प्रमाणपत्र समेतका प्रत्यक्ष प्रमाणहरुको

उचित मूल्याङ्कन नगरी केवल डी.एन.ए. परीक्षणलाई मात्र एकमात्र आधारका रुपमा ग्रहण गरी यस अदालत संयुक्त इजलासबाट मिति २०६७।१।२९ मा भएको उपरोक्त फैसला यस्तै प्रकृतिको विवादको विषयबस्तु अन्तर्निहीत रहेको पुनरावेदक/प्रतिवादी राजिव गुरुङको हकमा देवी गुरुङ विरुद्ध सीता गुरुङ समेत प्रत्यर्थी/वादी भएको संवत २०६१ सालको फौ.पु.नं. ३५१० को नाता कायम मुद्दामा यस अदालतबाट मिति २०६७।२।११ मा निर्णय भै प्रतिपादित सिद्धान्त प्रतिकूल देखिएकोले न्याय प्रशासन ऐन, २०४८ को दफा ११ को उपदफा (१) को खण्ड (ख) बमोजिम पुनरावलोकन गरी हेर्ने निस्सा प्रदान गरिएको छ ।

इति संवत् २०६८ साल मंसिर २३ गते रोज ६ शुभम्

- पुनरावलोकनको निस्सा प्राप्त प्रस्तुत मुद्दा ***नेकाप,* २०६७, अङ्क १०, नि.नं ८४८३ पृ. १७२६** मा प्रकाशित छ ।

## एकल इजलास

१

**मा.न्या.श्री प्रकाश वस्ती,** ०६७-WO-१२१८, उत्प्रेषणमिश्रित प्रतिषेध, *श्रीभक्त भडेल समेत वि. प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, काठमाडौं समेत*

प्रहरी कार्यालयमा अनाधिकार रूपले खडा भएका भनिएका कुनै कागजले साधिकार निकायमा चलिरहेको मुद्दामा प्रमाण लाग्ने स्थिति रहँदैन । यसका अतिरिक्त ती कागज यस किसिमले आफूविरूद्ध प्रमाण लाग्छ भन्ने सम्बन्धमा निवेदनमा स्पष्टरूपमा खुलाउन सकेको नदेखिँदा र त्यस किसिमको अनाधिकार र अधिकारक्षेत्रात्मक त्रुटिपूर्ण कागज भए भूमिसुधार कार्यालयमा मुद्दा चलिरहेको अवस्थामा सम्बन्धित निकाय बाहिर खडा हुने त्यस्तो कागजले कुनै प्रमाणिक महत्व राख्ने अवस्था समेत देखिन नआएको र विवादित मोही कायम निर्णय बदर मुद्दामा कानून प्रमाणद्वारा ठहरेबमोजिम हुने नै हुँदा प्रस्तुत रिट निवेदनमा निवेदक पक्षको मागका सम्बन्धमा विपक्षीहरूसँग लिखित जवाफ झिकाइरहनु नपर्ने ।

इजलास अधिकृतः हरिराज कार्की

कम्प्युटरः निर्मला अधिकारी

इति संवत् २०६८ साल असार २० गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री तर्कराज भट्ट,** २०६८ सालको WH-००२७, बन्दीप्रत्यक्षीकरण, *मुकुल भुषण मिश्रा समेत वि. राजश्व अनुसन्धान विभाग समेत*

यी निवेदकहरूका हकमा प्रचलित कानूनबमोजिम विदेशी विनिमयसम्बन्धी अपचलन मुद्दामा कानूनी कारवाहीको सिलसिलामा धरौट मागी सो धरौट दिन नसकेका कारण कानूनबमोजिम थुनामा राखेको देखिएको र धरौट मागी सो धरौट दिन नसकेको कारण कानूनबमोजिमको थुना मान्ने सिद्धान्त समेत यस अदालतबाट प्रतिपादन भएको देखिन्छ। साथै गिरफ्तार गर्दाको अवस्थामा गैरकानूनीरूपले थुनिएको भएपनि रिट निवेदनको सुनुवाइ हुँदा कानूनबमोजिम मुद्दा चलाई अदालतको आदेशानुसार थुनामा रहेको स्थितिमा पूर्व अवैधतालाई आधार बनाई अदालतमा कानूनबमोजिम चलिरहेको मुद्दामा अनुकूल वा प्रतिकूल असर पर्ने गरी रिट जारी गर्न नमिल्ने (*नेकाप* २०४९, अङ्क १, पृ.३३, नि.नं. ४४५०) भनी यस अदालतबाट कानूनी सिद्धान्त समेत प्रतिपादन भैरहेको देखिन्छ । यसका अतिरिक्त निजहरूलाई मागेको धरौट तिरेको अवस्थामा थुनामुक्त हुन सक्ने वैकल्पिक अवस्था पनि विद्यमान रहेको देखिँदा निवेदकहरू गैरकानूनी रूपमा थुनामा बसेको अवस्था नदेखिँदा मागबमोजिमको बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृतः चुरामन खड्का

संवत् २०६८ साल असोज १६ गते रोज २ शुभम् ।